अध्याय - एक (CHAPTER-ONE)

१ .परिचय (Introduction)

१.१ पृष्ठभूमि (Background)

नेपाल एक सानो भु परिवेस्ठीत सानो मुलुक हो । यो भारत र चीन दुई ठुला शक्तिशाली राष्ट्रको विचमा रहेको छ । नेपालको सिमाना तीन तर्फ (पूर्व, पश्चिम, दक्षिण) भारतको भुमि रहेको छ भने उतर तर्फ चीनको स्वशासित क्षेत्र तिब्बत संग जोडिएको छ । नेपाल विश्व मान चित्रमा २६ डिग्री २२ सेकेन्ड उतर देखि ३० डिग्री २६ सेकेन्ड उतरी अक्षांस तथा ८० डिग्री ४ सेकेन्ड पूर्वदेखि ८८ डिग्री १२ सेकेन्ड पूर्वी देशान्तरमा फैलिएर रहेको छ । यस देशको कुल क्षेत्रफल १,४७,१८१ वर्ग कि.मी.भु-भाग अेगटेको छ । जुन एसियाको कुल भुमिको ०.३ प्रतिशत र विश्वको कुल क्षेत्रफलको ०.०३ प्रतिशत भू - भाग अेगटेको छ । यस मुलुकलाई धरातलीय स्वरूपका आधारमा हिमाल, पहाड, तराई गरी ३ प्रदेशमा बाडिएकोछ भने प्रशासनिक सुगमताका लागी ५ विकास क्षेत्र १४ अंचल ७५ जिल्लामा बाडिएको छ । नेपाल विश्वमा सामाजिक तथा आर्थिक विकासका आधारमा पिछडीएको मुलुक हो । नेपालको अर्थतन्त्रको मेरुदण्ड कृषि हो । नेपालको कृषि प्रणाली वर्तमान सम्म पनि परम्परागत र निर्वाह मुखि रहेका छ । त्यसैले नेपालले जब सम्म आफनो कृषि पेशालाई व्यवसायीक र उत्पादन मूखि बनाउन सक्दैन तब सम्म नेपाल र नेपालीको भविष्य सुधार गर्न सकिदैन । नेपालमा कृषि विकास गर्न, गरीवीको रेखा मुनि रहेका कृषकहरूको जीवन स्तर सुधार गर्नका लागी कृषकहरूलाई पेशागत व्यवसायीक तालिम दिन, आवाश्यक सामाग्री उपलब्ध गराई दिने उत्पादीत बस्तुको उचित मुल्य प्राप्तीको व्यवस्था गरिदिने साथै कृषकहरूलमा समूहमा कार्य गर्न क्षमतामा विकास र चेतना स्तर सुधारका लागी कृषकहरूलाई सरकारी संस्थाको स्थापना र त्यसको स्वंय संचालनका लागी प्ररित गर्नु उपयूक्त हुन्छ (राष्ट्रिय विकास वोर्ड,२०६६) ।

नेपालको आर्थिक मेरुदण्डको रूपमा कृषि क्षेत्र हो । करिब ६६ प्रतिसत प्रत्यक्ष र १६.१८ प्रतिसत अप्रत्यक्ष रूपले कृषि क्षेत्रमा आस्रित छन । ग्रामीण क्षेत्रमा कृषि पेशाको अग्रहणी स्थान रहेता पनि कुल ग्रहस्त उत्पादनमा कृषि क्षेत्रको योगदान ३५ प्रतिशत रहेको छ । निर्यात हुने वस्तुको अन्य क्षेत्रको भन्दा निकै बढि योग्दान भएको पाइन्छ । नेपालमा ६६.छ

प्रतिशत जनता कृषि क्षेत्रमा आस्रित छन भने पशुपालन, कुखुरापालन, माछापालन, मौरीपालन, रेश्मी खेती जस्ता पालन व्यवसायले कृषि क्षेत्रमा अभिन्न अंगको रूपमा लिएको पाइन्छ (कृषि सूचना तथा संचार केन्द्र, २०६८) ।

कषि क्षेत्रमा रहेको खाद्य वालीको तुलनामा पशुपालन व्यवसायले कम लगानी, कम समयमा धेरै आम्दानी गर्न सकिने हुनाले धेरै जस्तो कृषकहरू यस्ता विभिन्न खालका पालन तर्फ आर्कषित भएको पाइन्छ भने यी पशुपालन मध्य दुग्ध व्यवसाय तर्फ पनि किसानको दिन प्रति दिन आर्कषण बढेको पाइन्छ । पृथ्वीमा अटाएका सम्पुर्ण जिव जन्तुले करिब ५० प्रतिसत भु- भाग ओगटेका छन । ती मध्य कतिपय पशु पन्छी बाली नालीलाई हानी पुराउने खालका छन भने कतिपय कति अति नै लाभदायक पनि छन । तीनै लाभदायक मध्य गाई भैंसी अति नै गुणकारी भएको पाइन्छ । नेपालमा गाई एक मात्र राष्ट्रिय जनावर पनि हो । जसलाई हिन्दु धर्म अनुसार गौमाता पनि भनिन्छ । गाईको पिसाब, गोबर, र दुग्ध अति नै उपयोगी मानिन्छ । यस्तै गरी भैंसीको पनि महत्व पुर्ण भुमिका रहेको छ । हाम्रो जीवनलाई आवश्यक पर्ने दुग्ध, मासु, छालाको रूपमा यसको प्रयोग गरीन्छ । जुन सुकै व्यवसाय गरेको मानिसले पनि यो दुग्ध व्यवसायलाई सहायक व्यवसायको रूपमा गर्ने गरेको पाइन्छ । यो व्यवसायलाई कम लगानी कम ठाँउमा पनि गर्न सकिन्छ अरु व्यवसाय जस्तो मेहेन्त र समय लाग्दैनन । आम्दानी आर्कषण हुने गर्दछ भने यस व्यवसाय सँगै तरकारी खेती पनि गर्न सकिने हुदा दुवै बाट आम्दानीमा बृद्धि गर्न सकिन्छ (जिल्ला कृषि विकास कार्यलय, २०६९) ।

परा पूर्व कालदेखि गाई घर पालुवा भए देखि नै नेपालमा गाई पालन थालिएको अनुमान छ । नेपालमा गाई वि.स.१५०० देखि पालन थालिएको उल्लेख गरेको पाइन्छ । हाल पालिएको गाईहरू दुई प्रकार बाट उत्पति भएको पाइन्छ । जूरो भएको गाईहरू जसलाई bos touru भनिन्छ । अर्को जुरो नभएको गाई bos indicus भनिन्छ । यी दुवै गाई उत्पति भएका जंगली पुर्खाहरूwild ancestors संसार बाट लोप भई सकेका छन । गाईको उत्पतिको विषयमा थरी थरीका सोच विचारहरू पाइन्छन । तर हाल सम्म विश्वमा गरिएको तथ्यङ्कहरू अनुसार गाईको उत्पति ८००० वि.सि.भन्दा पहिले तुर्केस्थानको दक्षिण भेग southern Turkestan लाई मानिन्छ । त्यो समयमा उत्पति भएको पूर्खा गाईहरू hamitic long horn र short horns bos brachyeros मानिन्छन । hamistic long र horn short horn गाईहरू नै हाल सम्म संसार भर फैलिएका छन । bos Taurus गाईहरूको पुर्खाहरू हुन । zevu

cattle (bos incicus) को उत्पति पश्चिम एसियामा भएको मानिन्छ । यी तिन प्रकारका गाईहरू जस्तै : 1, short horn 2, hamitic long horn 3, zebu cattle हरू ने अफ्रिकामा लगिए र यिनीहरूको सन्तान ओसेनिया, अस्टेलिया, न्यूजिल्याण्ड र अमेरीकामा लागए भारतमा १५०० वि.सीमा ल्याइयो र त्यहाँबाट एसियाका अन्य भागमा लिदै गयो । उत्पति भएका ठाँउंबाट फिरन्तेहरूले गाईलाई विभिन्न ठाँउमा फैलाउदै गएको इतिहासमा पाइन्छ । भैंसीको उत्पति संसारमा पाईने भैंसीहरू bobus arnee जातको जंगली भैंसी बाट भएको पाइन्छ । जगंली भैंसी भारत बर्षको ४५०० वर्ष पहिले घरपालुवाको रूपमा हुन पुगेको उल्लेख गरिएको छ । सवै प्रकारका घर पालूवा भैसीलाई (bubalus bubalus) १, रिभराइन वफेलो (River bufflo) यस्तो जातको भैंसीले सफा खालको पानी मन पराउछ । स्वाम्प बफेलो हिलोमा धमिलो पोखरीमा बस्न मा पराउने खालका हुन्छ । नेपालमा पाइने भैंसीहरू रिभर वफेलो समूह अनर्तगत पर्दछ । भैंसीको धेरै जातहरू मध्ये जम्मा ४ जातहरू दुग्धको लागी प्रख्यात छन । तिनीहरू हुन १, मुर्रा, २, निलीरबी ३, सुर्ती जफफरवादी नेपालमा मुर्रा जातर यसका वशंहरू भैंसीहरू पालिएका छन । नेपालको एककृत कृषि उत्पादन प्रणालीमा गाई भैसी पालन पालन व्यवसायले ठुलो स्थान ओगटेको छ । नेपालमा पलिएका विभिन्न घर पालुवा पशु मध्ये गाई भैसी प्रमुख पशु वस्तुमा पदर्छन । गाई भैसीबाट वार्षिक दुग्ध १४,४५,४१९मे टन, मासु १,५६,६२७ मुटन र मल २,३३,४५,०३५ मेटन प्राप्त भइरहेकोछ । नेपालमा गाई भैसी पालन खास गरी दुग्ध,मासु (भैसी मात्र)मल तथा शक्तिको लागी पालिन्छ । पशुपन्छीको राष्ट्रिय अर्थतन्त्रमा दिनै योग्दानको ५२.९ भैसी बाट, २४.७ गाई बाट प्राप्त हुन्छ (श्रेष्ठ,२०५६) ।

देशमा उत्पादित दुग्ध १४,४५४१९ मे.टन मध्ये करीव ४,१३,९१९(२९.०) प्रतिसत मे.टन गार्य र बाकी १०,३१,५०० भैंसी बाट (७१.०) प्रतिसत भैरहेको छ । नेपालको मासु उत्पादनमा भैंसीले ठुलो स्थना ओगटेको छ हाल देशमा उत्पादित कुल मासु २,४१,६९० मे.टन मध्ये ६५ प्रतिसत १,५६,६२७ मे.टन भैंसी बाट प्राप्त हुन्छ । देशमा पालिएका गाई भैसी १, ५३,२४६ गाई भैंसी बाट सरदर १० के.जी.गोबर मल ५० प्रतिसत नमी हटाउदा ५ के.जी. सुक्का मलको दैनिक १,५५,५३,२७७.४ मे.टन ताजा मल उत्पादन भैरहेका छ । गाई भैंसीबाट प्राप्त गोबर मलले माटोले उंभरा शक्तिमा वृद्धि ल्याउछ । वातावरणीय हिसाबले गाई भैंसीको मल बाली उत्पादनमा प्रयोग अति नै राम्रो मानिन्छ । नेपालमा बार्षिक ३८,००० छाला उत्पादन हुन्छ जुन भैंसी को छालाले पनि ठुलो भाग पुर्ति गरेकाछ (नेपाल कृषि परिषद, २०६८) ।

कलियूगमा अमृत भनेर चिनीने दुग्ध बच्चा देखी वृद्ध सम्म सबैलाई आवश्यक पर्ने पूर्ण आहारको रूपमा लिइन्छ । स्वास्थ्य रहनको लागी प्रति व्यक्ति प्रतिदिन २५० एम.एल दुग्धको आवश्यकता पर्छ । जस अनुसार प्रति वर्ष ९३ली दुग्ध चाहिन्छ । तर नेपालमा प्रति व्यक्ति प्रति बर्ष ५८लि.मात्र उपलब्ध पाइन्छ अर्को तर्फ जंनसख्या बृद्धि सग सगै दुग्धको माग बार्षिक ८ प्रतिशतले बढी रहेको छ भने बार्षिक दुग्धको उत्पादन ३ प्रतिशतमा मात्र सिमित रहेका तथ्याङ्कले देखाउछ । जसको फल स्वरूप डेरी इन्डस्ट्रिलाई दैनिक २.५ लाख ली दुग्ध भई पुर्ण क्षमतामा संचालन हुन सकिरहेको छैन । यति मात्रै नभएर समय सांपेक्षिक दुग्ध पदार्थको मागलाई पूर्ति गर्न नेपालमा दैनिक १ लाख लि.दुग्ध तथा बार्षिक रूपमा २.५अरब बराबरको दुग्ध उत्पादन भारतबाट आयत भई देशको अर्थतन्त्रलाई समेत प्रभाव पारेको छ । अर्को तर्फ देशमा शहर र गाँउमा ठुलो आर्थिक विसमता रहेको कुरा सर्ववितै छ । सोही परिपेक्षमा दुग्ध उत्पादन व्यावसायले सहरको पैसा गाँउ सम्म पुथ्याई ग्रामिण गरीवी न्यूनिकरणमा महत्वपूर्ण भुमिका रहेको पाइन्छ । यसरी दुग्धको माग बृद्धि सगै दुग्ध उत्पादन तर्फ कृषकहरूको बढी रहेता पनि दैनिक रूपमा देशमा उतपादित ४२ लाख ली. दुग्ध मध्ये १५प्रतिसत दुग्धले मात्र व्यवस्थित बजार पाउन सकेको छ । त्यस कारण दुग्ध उत्पादन बृद्धि संसगै दुग्धको व्यवस्थित बजार संचालन हुनु आवश्यक हुन्छ किन भने १० देखि २० लि.दुग्ध बजारमा आउँदा एक जनाको रोजगारी सृजना हुन जान्छ । छरिएर रहेका स्रोत साधन र समाजलाई एकिकृत गरी त्यसको उपयोगीतामा बढाउने कार्यमा सहकारीकरण अचुक यन्त्रका रूपमा लिइन्छ । दुग्ध उत्पादन क्षेत्र र दुग्धको मुख्य बजार क्षेत्र सँग सगै नरहेको परिपेक्ष्यमा दुग्ध उत्पादक कृषकले दुग्धको उचित मुल्य नपाउने अर्को तर्फ उपभोगताले दुग्धको मुल्यमा अत्याधिक र्तिनु पर्ने अवस्थालाई समान्जस्यता मिलाउन कार्य दुग्ध सहकारीले गरेको छ (बार्षिक प्रगति प्रतिवेदन, २०७१) ।

१.२. समस्याको कथन (Statement of the Problems)

नेपाल कृषि प्रधान देश हो,जहाँ ६६ प्रतिसत नेपाली जनता अप्रत्यक्ष रूपमा कृषि पेशामा समलगन रहेका छन । मानिसले कम लगानी कम समयमा बढी प्रतिफल दिने खेती प्रति आर्कषण बढाउनु खोज्नु महत्वपुर्ण विषय हो । खाध्य वालीको तुलनामा दुग्ध व्यवसायले ओगटेको क्षेत्र कम भएता पनि कम लगानीमा बढी प्रतिफल दिने अन्तराष्ट्रिय स्तरका व्यापार विस्तार भएको दुग्ध व्यवसाय कषि क्षेत्रमा आम्दानी कम भएता पनि कम लगानीमा

बढी प्रतिफल दिने अन्तराष्ट्रिय स्तरका व्यापार विस्तार भएको दुग्ध व्यावसाय कृषि क्षेत्रमा आश्रित पुरुष महिलाहरूले रोजगार प्राप्त गर्न सक्ने भएता पनि अधिकास ग्रामीण क्षेत्रका जनताहरू दुग्ध व्यवसायमा पछि परेका पाइन्छ । सहरी क्षेत्रमा भन्दा गाँउ क्षेत्रमा ग्रामीण क्षेत्रमा बसोवास गर्ने जनताहरू दुग्ध व्यवसायबाट संचालन भएको विभिन्न कृषि क्षेत्रको तथ्याडक बाट देखिएता पनि दुग्ध व्यवसायबाट के कति ले नाफा प्राप्त गरेका छन ? कतिलाई नोक्सान भयो ? कुन तरीका बाट दुग्ध व्यवसाय गरेका छन ? कति कतिले तालिम प्राप्त गरेका छन ? कतिले तालिम अप्राप्त छन, को कतिले दुग्ध व्यवसाय गर्दछन । कस्ता समस्या आइपरेका छन, समस्या अवलम्वन गर्न के कस्ता उपाएहरू अवलम्बन गर्नु पर्छ । दुग्ध व्यवसाय गर्दा कृषकहरूको आर्थिक अवश्थालाई कस्तो प्रभाव परेको छ ? उनीहरूको बालबालीकाहरूको शैक्षिक अवस्थामा कस्तो प्रभाव परेको भन्ने प्रश्नको उतर खोजने प्रयास कुनै कृषि क्षेत्रबाट नभएको दुग्ध व्यवसाय राम्रो संग फस्टाउन सकिरहेको छैन । राज्यले दुग्ध व्यवसाय कृषकलाई विभिन्न आर्थिक अनुदान दिएता पनि व्यवसाय कृषकहरूले अपेक्षित लाभ प्राप्त गर्न सके वा सकेन्न भन्ने विषयमा तात्विक अध्यायन अनुसन्धान कसैले पनि गरेको छैन । त्यसैले यस अध्ययान दुग्ध व्यवसायहरूको समस्या उल्लेख गर्न उपयूक्त देखिएकोले प्रस्तुत अनुसन्धान यस विषयमा आधारित छ । तसर्थ दुग्ध व्यवसायले कृषकहरूको आर्थिक तथा उनीहरूको वालबालिकाहरूको शैक्षिक अवस्था कस्तो प्रभाव परेकोछ ? दुग्ध व्यवसायमा देखिएको समस्याहरूको कारण पता लगाउने जस्ता बस्तुहरू माथि केन्द्रित रहेर यस अनुसन्धान गरिएकोछ ।

१.३ अध्ययानको उद्देश्यहरू (Objectives of the Study)

यस अध्ययनकको साधारण उद्देश्य दुग्ध व्यवसायले कृषकहरूको आर्थिक तथा उनीहरूको बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभावको अध्ययान गर्नु हो भन्ने यस अध्ययनको विशिष्ट उद्देश्यहरू निम्न रहेको छ ।

१. दुग्ध सहकारी संस्थाको वर्तमान अवस्थाको पहिचाहन गर्नु ।

२. दुग्धव्यवसायले कृषकहरुको आर्थिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण गर्नु ।

३. दुग्ध व्यवसायले कृषकहरुको बालबालिका शैक्षिक क्षेत्रमा पारेको प्रभावको पहिचाहन गर्नु ।

१.४ अनुसन्धानात्मक प्रश्नहरु (Research Questios)

दुग्ध व्यवसायले किसानहरुको जिवनमा महत्वपूर्ण भुमिका खेलेको पाइन्छ। यस व्यवसायका संलग्न हुने किसानहरुको घर परिवारमा पारेको आर्थिक पक्षमा पारेको प्रभावको तुलनात्मक अध्ययन गर्नु तथा उनीहरुको बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभाव यहाँ पत्ता लगाउन खोजिएकोले यो अध्ययन निम्न अनुसन्धनात्मक प्रश्नहरु बाट निर्देशित छ।

१) अध्ययान क्षेत्रमा दुग्ध व्यवसायीकरणको अवश्था कस्तो रहेको छ ?

२) दुग्ध व्यवसायले कृषकहरुको आर्थिक अवस्थामा कस्तो प्रभाव पारेको छ ?

३) दुग्ध व्यवसायको संलगना कृषकहरुको बालबालिकाहरुको शैक्षिक क्षेत्रमा कस्तो प्रभाव पारेको छ ?

४) दुग्ध व्यवसायमा कस्तो समस्याहरु देखा परेका छन ? यसको निराकरणको लागी कस्तो उपायहरु गर्न सकिन्छ ?

१.५ अध्ययनको महत्व (Significant of Study)

अध्ययनको क्षेत्रमा संचालित दुग्ध व्यवसायले स्थानीय वासिन्दाको आय आर्जनमा सकारात्मक परिर्वतन ल्याउने भएकोले यस्ता व्यवसायका कारणबाट त्यहाँ रहेका पछौटेपन गरिवी, अज्ञान्ता तथा असमान्ता लाई कम गर्दै लैजाने ठोस योगदान दिनेछ । शैक्षिक अवस्था लगाएत विविध पक्षको स्पष्ट तथा विश्वसनियता नमूना संकलन प्राप्त हुनेछ त्यसै गरी दुग्ध व्यवसाय समबन्धित चासो राख्ने दुग्ध व्यवसायहरूको सामाजिक, शैक्षिक तथा साँस्कृति लगाएतका विभिन्न कृषि पक्ष संग सम्बन्धित विषय अध्ययान अनुसन्धान गर्ने हरूलाई विषेश टेवा पुग्ने छ । दुग्ध व्यवसाय गर्ने कृषकहरूले आर्थिक तथा उनीहरूको बालबालिकाको शैक्षिक अवस्थाको अध्ययान गर्दा यस अध्यायनले निम्न महत्व राखेको छ।

१) यस अध्यायनले नवलपरासी जिल्लाको रामनगर गा.वि.स.लाई परिचित गराउन त्यहाँ संचालनमा रहेको घरेलु उधोगहरू र उत्पादन मूलक (आधुनिक)दुग्ध व्यवसाय कार्यहरूको बारेमा सूचना प्रवाह गर्दै त्यस क्षेत्रको जनताको आर्थिक तथा शैक्षिक सिथितिको जानकारी दिनमा महत्वपुर्ण स्थान राख्ने छ।

२) यस अध्यायानले दुग्ध व्यवसायले कृषकहरूको आर्थिक तथा उनीहरूको बालबालिकाका शिक्षामा पारेका प्रभावको अध्ययन गर्ने हुर्दा त्यस क्षेत्रसंग

सम्बन्धित सम्पूर्ण कृषकहरूको आर्थिक र व्यवसायीक रूपले सूचना प्रधान गदर्छ । जसको कारण कृषकहरूलाई आर्थिक र व्यवसायीक रूपले सूचना प्रदान गर्दछ । जसको कारण कृषकहरूलाई दुग्ध व्यवसायको सम्वन्धमा सम्पूर्ण सूचना प्राप्त हुनका साथै व्यापार सुरु गर्न प्रेरण दिने र व्यवसाय संचालन गरेकाका लागी दुग्ध व्यवसाय संचालनर व्यवस्थापन गर्न महत्वपूर्ण भूमिका खेल्नेछ ।

३) यस अध्ययले आर्थिक तथा शैक्षिक प्रभावको अध्ययन गर्ने हुदा दुग्ध व्यवसाय संग प्रत्यक्ष सम्बन्ध राख्ने विसभन्न संघ संस्थाहरु व्यक्तिहरू सरकारी निकायलाई सम्पुर्ण सूचना प्राप्त हुने हुदा सूचनाको अध्ययनमा निति निमार्ण गरी अगाडी बढन महत्वपूर्ण भुमिका खेल्ने छ ।

४ दुग्ध व्यवसायको बारेमा अध्ययन तथा अनुसन्धान गर्न भावी पुस्तालाई सहयोग पुग्ने छ ।

५ अध्ययन क्षेत्रमा दुग्ध व्यवसाय गर्ने कृषकहरूको दुगध व्यवसायमा देखा पर्ने समस्या र समाधानका उपायहरू खोज्न सहयोग पुग्नेछ ।

१.६ अध्ययनको सिमा (Limitation of the Study)

अध्ययनको लागी छनौट गरिएको नवलपरासी जिल्ला रामनगर गा.वि.स.लाई छनौट गरिएता पनि यस क्षेत्रका सम्पूर्ण दुग्ध व्यवसाय फर्मको अध्ययान गर्न समय, स्रोत, श्रम र आर्थिक दृष्टिले संमभव नभएको अध्ययानलाई र्निमित गरिएकोछ जसलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

क) यो अध्ययन नवलपरासी जिल्लाको रामनगर गा.वि.स.मा मात्र सिमित रहेको छ ।

ख) यो अध्ययन दुग्ध व्यवसायमा संलग्न किसानहरूको आर्थिक तथा शैक्षिक अवस्था विशलेषणले सिमित रहेको छ ।

ग) यस अध्ययनमा दुग्ध व्यवसायको अन्य प्रभाव नहेरी विशेष आर्थिक तथा शैक्षिक प्रभावको मात्र अध्ययान गरिएको छ ।

घ) यस अध्ययनमा नवलपरासी रामनगर गा.वि.स.को दुग्ध व्यवसायीहरूको वर्तमान अवश्थाको मात्र अध्ययान गरिएको छ ।

ड)	यस अध्ययनमा दुग्ध व्यवसाय गर्ने सम्बन्धित क्षेत्रबाट मात्र तथ्याङ्क संकलन गरिएको छ ।

छ)	यस अध्ययन क्षेत्रमा रहेका १०० दुग्ध व्यवसाय घरघुरी लाई मात्र अध्ययानमा संलगन गरिएको छ ।

ज)	यो अध्ययन दुग्ध व्यवसाय संग सम्बन्धित भएकोले यसको निष्कर्ष अन्य क्षेत्रमा लागु हुन नसक्ला ।

१.७ अध्ययनको संगठन (Organization of the Study)

दुग्ध व्यवसायले किसानहरूको आर्थिक तथा उनीहरूको बालबालिकाको शैक्षिक क्षेत्रमा पारेको प्रभाव नवलपरासी जिल्लाको रामनगर गा.वि.स.को यो अध्ययान लाई व्यवर्स्थित बनाउनको लागी निम्न छ अध्ययामा विभाजन गरिएको छ ।

१)	प्रथम अध्ययनमा परिचय अर्न्तगत अध्ययनको पृष्ठ भूमि समस्याको कथन, अध्ययनको उद्देश्यहरू अध्ययनको सीमाहरुको अध्ययानको संगठन समावेश गरिएको छ ।

२)	दोस्रो अध्ययनमा सम्बद्ध साहित्यको पुनरावलेकन अर्न्तगत सैद्धान्तिक पृष्ठभूमि र पूर्व अध्ययानहरूको संमिक्षा गरिएको छ ।

३)	तेस्रो अध्ययनमा अनुसन्धानको ढाचां, तथ्याङ्क संकलान प्रक्रिया जनसंख्या र नमूना छनौट प्रकिया,तथ्याङ्क संकलनका साधनहरू, तथ्याङ्क संकलनका विधिहरू र तथ्याङ्क विश्लेषणको बारेमा जानकारी दिएको छ ।

४)	चौथो अध्यायमा अध्ययन क्षेत्रको परिचय अर्न्तगत नवलपरासी जिल्लाको परिचय, भौगोलिक अवश्था, रामनगर गा.वि.स.को परिचय जनसांख्यिक अवस्था आर्थिक, शैक्षिक अवश्था र कृषिको बारेमा जानकारी दिएकोछ ।

५)	पाचौ अध्ययनमा तथ्याङ्कको प्रस्तुतीकरण र विश्लेषण अर्न्तगत अध्ययान क्षेत्रमा नमूना छनौटमा परेका नमूना दुग्ध व्यावसायीकरणको अवस्था, दुग्ध व्यवसायले नमूना कृषकको आर्थिक क्षेत्रमा पारेका प्रभाव, दुग्ध व्यवसायले नमूना कृषकको बालबालिकाको शैक्षिक क्षेत्रमा परेका प्रभाव दुग्ध व्यवसायमा देखिएका समस्याहरूको बारेमा विस्तृत विवरण प्रस्तुत गरिएकोछ ।

६)	छैंठो अध्ययामा समग्र अनुसन्धानको सांराश निर्षकश तथा सुझावहरू प्रस्तुत गरिएको छ ।

१.८ मुख्य शब्दावलीको परिभाषा (Definition of the Key terms)

आम्दानी	:	वस्तु तथा विक्री गरेवापत प्राप्त गरेको रकम ।
खर्च	:	वस्तु तथा सेवा खरीद गर्दा भुक्तान गरिएको रकम ।
बचत	:	आम्दानी र खर्च बिचको अन्तर ।
साक्षर	:	आफनो नाम लेख्न र पढन सक्ने व्यक्ति ।
निराक्षर	:	आफनो नाम लेख्न र पढन नसक्ने व्यक्ति ।
जंनसङ्ख्या	:	अध्ययन क्षेत्रमा रहेका कुल जनसंख्या ।
नमूना	:	ठूलो जनसङ्ख्याबाट छनोट गरिएको प्रतिनिधिमूक समूह ।
नमूना छनोट	:	ठूलो समूहबाट केही एकाइहरु छनोट गर्ने प्रक्रिया ।
प्रश्नावली	:	प्रश्नहरुको शृङ्खला भएको एउटा साधन ।
सरकारी विद्यालय	:	सरकारको सम्पत्तिबाट स्थापित ।
नीजि विद्यालय	:	व्यक्तिगत सम्पत्तिबाट स्थापित र सचालित विद्यालय ।
बार्षिक	:	१२ महिनाको समय ।

अध्याय दुई (CHAPTER -TWO)

२. सम्बन्धित साहित्यको पुनरावलोकन (Review of Related Literature)

यस अध्ययनमा दुग्ध व्यवसाय सम्बन्धमा प्रकाशित पुस्तक लेख रचना अनुसन्धान प्रतिवेदन, सोधपत्र तथा विभिन्न दुग्ध व्यवसाय सँगं सरोकार राख्ने सरकारी तथा गौर सरकारी संघ संस्थाले निकालेका पुस्तकहरूको पुनरावलोकन गरिएको छ ।

२.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of the theorical Literatuere)

राष्ट्रिय दुग्ध विकास बोड, (२०५७) का अनुसार दुग्ध भनाले स्वस्थ्य गाई वा भैंसीको थुनबाट दुहेका वा स्वभाविक अवस्था स्वच्छ ताजा श्रावलाई सम्झनु पर्छ । सोही निमावली अनुसार गाईको दुग्ध भन्नाले ३.५ प्रतिशतको दुग्धको चिल्लो र सो चिल्लो बाहेक दुग्धको ठोस पदार्थ ७.५ प्रतिशत भन्दा घटी नभएको दूग्ध र भैंसीको दुग्ध भनाले ५ प्रतिशत दुग्धको चिल्लो र सो चिल्लो बाहेक दुग्धको ठोस पदार्थ ८ प्रतिशत भन्दा घटी नभएको हुनु पर्दछ ।

नेपाल कृषि अनुसनधान परिषद्, (२०६८) का अनुसार स्तानधारी प्राणीहरूको दुग्धको बनावटमा अवयमहरूको समानता पाइदैन विभिन्न प्राणीहरूको दुग्धको वनावट फरक फरक पाईने मात्र होइन, एउटै नशलको प्राणी द्धारा पनि विहान र बेलुकाको दुग्धमा भिन्ता पाइन्छ । अझ गहिरिएर सुस्म अध्ययन गर्ने हो भने प्रत्येक दुन बाट आउने हरेक शिर्काहरूको नमूनामा पनि समानता पाइदैनन । यसरी फरक पर्ने अवयमहरूमा सबै भन्दा बढी चिल्लो पदार्थमा पाइन्छ । कमश अन्यमा प्रोटिन, भ्रम, चिलो पदार्थ पाईन्छ । त्यसैले विहान बेलुका बेलुका चिल्लो र ल्याक्टोमा भिन्ता पाइन्छ । दुग्धको बनावट पशुको जात अनुसार हुन्छ । भैसीको दुग्धमा चिल्लोको मात्रा गाईको तुलनामा बढी हुन्छ । भन्ने भैसीको दुग्ध गाइको दुग्ध भन्दा सेतो हुन्छ । गाईको दुग्धमा क्यारोटिन भन्ने पदार्थ पाइने हुदा गाईको दुग्ध पहेलो हुन्छ । त्यसैले भैसीको दुग्धमा ठोस पदार्थ गाईको दुग्ध भन्दा बढी हुन्छ । गाई, भैसी भनेको एउटै ठुलो समुह हो । एउटा स्थानीय भैसीको दुग्धको वनाओट मुर्रा र सुर्ति भैंसीको वनाओट संग मेल खादैनन । त्यसतै एउटै स्थानीय गाई वनाओट २० लिटर दुग्ध दिने जर्सी गाई सँग मेल खादैनन । साधारण सिद्धान्त के छ भने कम दुग्ध दिने वस्तुको ध्यूको मात्रा धेरै दुग्ध दिने वस्तुको तुलनामा बढी हुन्छ । उदाहरणको लागी सुर्ती भैंसीमा

८.४१ प्रतिशत घृताश छ भने मुर्रा भैंसीमा ६.८ प्रतिशत मात्र हुन्छ । किन भन्ने सुर्ती भैंसीले मुर्रा भैसीको तुलनामा कम दुग्ध दिन्छ ।

राष्ट्रिय दुग्ध विकास वोर्ड, (२०६९) का अनुसार जनावारको शारीरक अवस्था रोग सँग लड्ने क्षमता आदि कारणले पनि दुग्धको वनाबट र उत्पादनमा फरक पर्छ । जस्तै एक वेतमा पनि फरक फरक र एकै वस्तुको दुग्धमा पनि एक वेत भरी एकै नासको हुदैनन । र सुरु देखि सुक्ने वेला सम्म दुग्ध फरक पर्दै जान्छ । सामान्य चलनमा पनि आएको कुरा हो वडहर र कुटमेरोको घास खुवाउदा ध्यूको मात्र बढछ भन्ने भनाई छ । तर धेरै कलिलो घाँसले घृताशलाई खासै बृद्धि गर्दैन । बस्तु धेरै भोको भएमा ध्यूको मात्र अलि अलि घटछ । बढी चिलो पदार्थ भएको दाना दुग्धमा घृंताशको प्रतिशत बढेको पाइन्छ । दुग्ध दिने बस्तुलाई थुनेलो भएका रहेछ भने दुग्धको बनावटमा असर पर्छ । थुनेलो भएको वस्तु दुग्धमा दुग्ध चिनीको ल्याक्टोज मात्र घटी क्लोराड भन्ने बस्तु बढदछ । हाम्रो कृषि प्रधान समाजमा वर्षा याममा भन्दा जाडो याममा दुग्ध वाक्लो भन्ने भनाई यसको तात्पर्य के हो भने कलिलो हरियो घांसले सुख्खा घाँसको तुलनामा फयाट घटछ । साथै खास गरेर हामी दुग्धको लागी कहा गाई भैंसी भएकोले श्रावण भाद्रमा व्याएर हिउद याममा वर्केनो हुदै जादा पनि दुग्धमा ध्यूको मात्र बढेको पाइन्छ ।

जिल्ला पशु सेवा कार्यलय, (२०७१) का अनुसार जिल्लामा पशु विकास तथा पशु स्वास्थ्य संरक्षण गर्ने एक मात्र सरकारी निकायको रूपमा जिल्ला पशु सेवा कार्यलय रहदै आएको छ । यस कार्यलयको स्थापना हुनु अगाडी आ.ब.२०३९/०४० सम्म यो कार्यलय भेटनरी डिस्पेन्सरीको रूपमा रहेको थियो । आ.व.२०३९/०४० सालमा उक्त डिस्पेनसरी लाई नै चिकित्सालयमा परिणत गरी परासी स्थित रामग्रम नगर पालिकाको शान्ति चौरमा स्थापना गरिएको हो । आ.व. २०४१/०४२ देखि विकेन्द्रीकरण योजना अनुरूप पशु विकास तथा पशु स्वास्थ्या साखाको नामाकरण गरी पशु स्वास्थ्य एवं पशु विकास र प्रचार कार्यकम संचालन गरेको थियो । आ.ब. २०४९ /०५० देखि कृषि मन्त्रालय अर्न्तगत पशु सेवा विभाग र कृषि विभागको संरचनामा परिर्वत भई एउटै छाना मुनी (one umbrella concept)को सिद्धान्त अनुरूप कृषि विभाग गठन भएको र कृषि विकास कार्यलयको मातहतमा यो कार्यलय एउटा साखाको रूपमा रही कार्यक्रम संचालन नियमित रूपमा गदै आएको थियो । आ.ब. २०५२/०५३ देखि पशु विकास छुटै अस्तित्व कायम भई जिल्ला पशु सेवा कार्यलयको नाम

बाट कार्यक्रम संचालन भई रहेको छ । यस कार्यलय अर्न्तगत ४ पशु सेवा केन्द्र क र ११ पशु सेवा केन्द्र ख गरी जम्मा १५ वटा सेवा केन्द्र मार्फत र जिल्ला पशु विकास तथा पशु स्वास्थ्य कार्यक्रमहरू संचालन भैरहेको छ ।

कृषि विकास योजना, (२०४७) का अनसुसार नेपालमा दुग्ध व्यवसायको वर्तमान अवस्था शिर्षकमा सन् १९९१ मा कृषि विभागले एक अध्यायन गरेको थियो यस अध्ययनले नेपालको हरेक घर घुरीमा सरदर ५,६ सम्म गाई भैसी पालिएको देखिएको छ । नेपालका धेरै घर घेरी मा धेरै पशुहरू रहेको तर पशुहरूको सामानुपातिक विवरण भने नभएको देखाएकोछ । साथै यस अध्ययानले नेपालमा पालिएका गाई भैंसी दुग्धका लागी दुग्धका लागी पालिएका अन्य पशुहरू बाट उत्पादित कुल दुग्धको परिमाण मध्ये ८७ प्रतिशत घरायसी उपयोग हुने गरेको र केवल १३ प्रतिशत मात्र विकी हुने गरेको नतिजाले निकालेको थियो । नेपालीहरूले बार्षिक सरदर प्रति व्यक्ति ४.५ लिटर दुग्ध गर्ने गरेको तर यो एसियन स्तर भन्दा उच्च रहेको नतिजा दिएको छ । दर्गम ग्रामिण इलाकामा औपचारीक माधयामबाट आफु वाट उत्पादीत दुग्ध स्थानीय बजारमा विकी गर्न गरेको तथा दुग्ध बाट ध्यू पनिर, खुवा, छर्पी आदी परिकार निर्माण गरी विकी गर्ने अथवा पछिला समयमा घरायसी उपभोग गर्ने गरेको पाइन्छ । त्यसतै दुग्ध प्रशोधनका लागी साधारण परम्परागत प्रविधि प्रयोग गर्ने इन्धनको स्रोतको रूपमा मुख्य गरी दाउराको प्रयोग हुने गरेको दाउरा बाहेक अन्य इन्धनको ज्यादै न्यून मात्रामा उपयोग हुने गरेको नतिजा यस अध्यायनले दिएको छ । यस अध्ययन अनुसार नेपालमा ठुलो परिमाणमा ध्यु उत्पानद औपचारीक क्षेत्रबाट गरेका र यो स्थानीय स्तरमै उपभोग हुने गरेको भएता पनि सिमित रूपमा रहेको अनौपचारीक संस्थाहरूले उत्पादन गरेको ध्यू वाट पनि प्रत्येक बर्ष नेपालबाट ८५०० टन ध्यू भारत लगाएत अन्य मुलुकमा निकासी हुने गरेको देखिन्छ । साथै यस अध्ययानले नेपालको भु बनोट हावा पानी पशुपालन व्यवसायको लागी उपयूक्त हुने देखिएको छ । साथै पशुपालन र दुग्ध व्यवसायले आर्थिक र सामाजिक विकासमा महत्वपूर्ण भुमिका खेलेको पाइन्छ ।

सहकारी विभाग, (२०६३) का अनुसार पहिलो पञ्चबर्षिय योजना (२०१३-२०१८) मा सहकारी संस्थाको गठनको लागी सरकारद्धारा कार्यकारी आदेश जारी गरी अस्थायी कानूनको व्यवस्था भयो र चितवन जिल्लामा १३ वटा प्रारम्भिक सहकारी संस्थाको गठन गरियो । यसै अनुसार पहिलो ऋृण सहकारी संस्था चितवन जिल्लामा पहिलो राप्ती दुन

बहुमुखी विकास योजना अर्न्तगत वि.स.२०१३ सालमा गठन भई सहकारी आन्दोलनकको सुरुवात गरियो । यसै संस्थाको सफलताको कारणले सहकारीको कार्य प्रकृति ऋण लगानीमा मात्र सिमित नराखि बहुमुखी प्रकृतिमा भएको पाइन्छ । पहिलो योजनाको अन्त्यमा सहकारी संस्थाको संख्या ३७४ पुगेको थियो ।

नेपाल राष्ट्र बैंक, (२०६९) का अनुसार आफनो निश्चित उद्देश्य आवाश्कता वा समस्याको समाधानको निम्ति व्यक्तिहरुको सामुहिक संलग्नता, निरन्तरता, आर्थिक सहभागिता वा पूँजीगत योगदान र प्रजातान्त्रिक ढङ्गबाट समान मान्यताहरुले अवलम्बन गरी इच्छित उद्देश्यक परिपूर्ति संस्थाको प्रबर्द्धद स्वामित्व र नियन्त्रण व्यक्तिहरुको आफनो आवशयकता पुरा हुने गरी गरिने एउटा पद्धति नभै सहकारीता हो । अन्तराष्ट्रिय सहकारी महासंघले सहकारीलाई परिभाषित गदै भनेको छ सयुक्त स्वामित्व र प्रजातान्त्रिक पद्धति बाट नियन्त्रित व्यक्तिहरुको स्वेच्छिक सहभागीताबाट गठित आवश्यकता र आकांक्षाको परिपूर्ति गर्दछ । जसलाई सहकारी भनिन्टछन । सहकारी संस्थाका मधयाम बाट ऋण तथा दुग्ध सुपथ मूल्य, सुपथ मुल्य चिया पसल, कफी, तरकारी तथा फलफुल, कृषि, मह, उखु, जुनार, जडीबुटी, स्वस्थ्य, पर्यट र संचार आदी क्षेत्रमा व्यवसाय गर्ने सहकारी संस्थाहरु स्थापना हुने कम बढि रहेको छ ।

अर्थ मन्त्रालय, (२०६८) का अनुसार शताब्दी देखि विकासको राष्ट्रिय मुल धारबाट पछाडी पारिएका महिला, दलित, जनजाति, आदीवासी, पिछडा वर्ग, भुमिहिन किसान, विपन्न, मुसलमान, मधेशी जस्ता वर्ग समूह समुदाय र दुर्गम क्षेत्रलाई सहकारीको माध्यामबाट उत्पादन शक्तिमा रुपान्तरण गरिने छ । सहकारीलाई उत्पादन बृद्धि,गरीवी तथा असमानता नयूनिकरण आधात प्रतिस्थापन, निर्यात प्रवद्धन, रोजगारी सिर्जना सामाजिक न्याय र सदभाव प्रवर्द्धन गर्ने आद्यारशीलाको रुपमा विकसित गर्न “गाँउ गाँउमा सहकारी घरघरमा रोजगार” राष्ट्रिय कार्यक्रमलाई अभियानको रुपममा विस्तार गरिनेछ । स्थानीय स्रोत र साधान,पूँजी र श्रम उपयोग गरी समाबेशी आर्थिक आधार निर्माण गर्न सक्ने खम्बाको रुपमा सहकारीलाई स्थापित गरिनेछ ।

२.२ अनुसन्धान साहित्यको पुनरावलोकन (Review Of Emperical Literature)

गौतम, (२०५४) का अनुसार इलाम दुग्ध विकास क्षेत्रका सानो परिमाणका दुग्ध उत्पादकहरू एक अध्यायन राष्ट्रिय दुग्ध विकास वोर्डले गरेको यस अध्ययान अनुसार विराटनगर क्षेत्रका ९०० भन्दा बढी साना किसानहरूले विराटनगर दुग्ध आपुर्ति आयोजना बाट प्रत्यक्ष रूपमा लाभ प्राप्त गरी रहेका छन । यस क्षेत्रका दुग्ध व्यवसायीले बार्षिक ९ लाख भन्दा बढी रकम प्राप्त गर्दछन । त्यसैले दुग्ध व्यवसाय अगाल्ने साना किसानहरूको आर्थिक अवस्थामा सुधार आएको इन्धन प्रयोग शैलिमा परिर्वन आएको घरमा विधुतिय सामानको प्रयोग बढेका, सामाजिक कार्यमा सहभागीतामा बृद्धि भएको, छोरा छोरीलाई गुणस्तरीय शिक्षा दिन सक्षम बनाएको दुर्गम ग्रामिण इलाकामा नगद पुराउने माध्यम बनुका साथै गाँउ र शहर विचको सम्बन्ध स्थापित गर्न शहरी क्षेत्र सँग सम्वन्ध सथापना गर्न सकेको छ । साथै यस व्यवसाय विकासले गाँउं गाँउमा गोवर ग्याँस चुलो जडान गरिएको दाँउराको प्रयोग कमी ल्याएको साथै बन जंगल संरक्षण र वातावरणको अतिरिक्त विकासका लागी आफैमा समक्ष बनाएको निशकर्ष यस अध्यायले दिएको छ ।

निरौला, (२०६०) का अनुसार झापाको बुधवारे क्षेत्र दुग्ध चिस्यान केन्द्रको स्थापना २०६० मा भएको पछि किसानहरूलाई दुग्ध उत्पादन गर्न प्रोत्साहित गरेको यहाँका झन्डै आधा जस्तो किसानहरू दुग्ध व्यवसायमा संलगन रहेका प्रत्येक बर्ष दुग्ध उत्पादन गर्न किसानहरूको संख्यामा बढदै गएको उत्पादित दुग्ध विकी ग्यारेन्टी भएको साथै उत्पादन मुख्या स्रोत गाई भैंसीमा निंभर रहोको देखिन्छ । यस क्षेत्रमा सुधारीएको गाई भैंसीको संख्या स्थापना कालको भन्दा ४ गुणाले बढेको देखिएको छ । जसले दुग्ध उत्पादनमा पनि सो भन्दा बढी गुणाले बढेको देखिन्छ । उक्त व्यवसायले कृषकहरूलाई पौष्टिक आहार प्रदान गरेको खेती पाती बाट बचेका समय सदुपयोग भएको अतिरिक्त आय प्राप्त भएको, किसानको जिवन स्तर सुधार ल्याएको र किसानहरूको मौन्द्रिक कारोबारमा सुधार भएको किसानहरू आफनो समस्या समाधानका लागी सहकारी तर्फ उघत भएको जसले बचत गर्ने बानी विकास गरेको स्वलम्बनको बानी विकास गरेको, र्फसतको समयमा सामाजिका अवसथामा पनि परिर्वतन भएको देखिन्छ । यस क्षेत्रको दुग्ध व्यावसायमा देखिएका समस्याहरू दुग्धको मुल्य समानुपात पुनरावलोकन नहुन आवाश्कता अनुसार परल र डाले घाँसहरूको उपलब्तामा कमी आउनु उच्च नश्लको पशुविज अभाव देखिनु समस्याको

रूपमा देखिन्छ । तर यसलाई सम्बन्धीत व्यावसायी दुग्ध सहकारी, सरकार डि.डि.सी.सयूक्त प्रयासमा समाधान गर्न सकिने उहाँको निस्कर्ष छ ।

आर्यल, (२०६९) का अनुसार धादिङ्ग जिल्लाको भुमिस्थान गा.वि.स.मा सञ्चालित साना किसान सहकारी संस्थ लि. ले छोटो समयमा नै सदस्य संख्यामा वृद्धि बचत संकलन र ऋण प्रवाहमा बृद्धि गराउनुको साथै धेरै मात्रामा महिलालाई समेटन सफल भएको थियो । सहभागी किसानमा सरसफाई मा वृद्धि, सानो सुखी परिवार बनाउने प्रबृतिमा आधुनिक उपचार गर्ने प्रवृतिमा तुलनात्मक रुपले विकास हुनुका साथै साक्षरतामा पनि बृद्धि भएको थियो । सहभागी किसानहरुलाई सस्तो व्याजदरमा संस्थागत सुख सुविधा उपलब्ध गराएको उत्पादन मुलक कार्यमा सकिय भई बढी आम्दानी गर्न सक्षम भएका सिपमूलक तालिमले रोजगारमा वृद्धि भएको र किसानहरु दुरुपयोग रोक्ने कार्यमा सकिय हुदै आएको थिए । यस कार्यमा समूह निर्माण समय समयमा बैंठक बस्नू पर्ने,बचत गर्नु पर्ने बाध्यता सामूहिक र व्यक्तिगत जमानत जस्ता कारणले पद्धतिगत जटिलताहरु रहेको पाइएता पनि समग्र यस कार्यकमले स्थानीय साना किसानहरुमा सकारात्मक प्रभाव पारेको थियो ।

ढकाल, (१९९५) का अनुसार नेपाली किसानहरूबाट उत्पदित तथा संकलित दुग्धको गुणस्तर निकै कमजोर र किटाणु यूक्त रहेको साथै यसलाई सुधार गर्न आवश्यक भएको निर्णय दिनु भयो । उहाँले प्रत्यक्ष रूपमा दुग्ध व्यावसायी किसानहरूको घर गोठको अवस्था पशु दुहुदाको अवस्था दुग्ध दुहुदा प्रयोग गरिने भाडो सरसफाई, दुग्ध संकलन केन्द्रमा रहेका दुग्ध संकलन गर्ने भाडो आदिको प्रत्यक्ष अवलोकन गर्दा सवै क्षेत्रहरूमा सरसफाइको कमी भएको पाइयो । यस्तै दुग्धको गुण स्तर कमजोर हुदाका भाडाको सरसफाइमा कमी दुग्ध संकलन केन्द्र देखि दुग्ध चिस्यान केन्द्र सम्म दुग्ध ढुवानी गर्दा लाग्ने समयलाई प्रमुख कारणको रूपमा लिएको छ । किनकी ढुवानी समय धेरै लाग्ने दुग्धमा अम्लिएपन विकास भै दुग्धको गुणस्तर विग्रने छ । विभिन्न कारणहरूले नेपालमा उत्पादित दुग्धका गुणस्तर कमजोर भएको हो भन्ने निर्ष्कष उहाँले दिनु भएको छ ।

खतिवडा, (२०७०) का अनुसार सानो सानो पँजी संकलन गरी सदस्यहरु बिच बचत तथा ऋणको कारोबार गदै अघि बढेको सहकारी संस्था हाल आएर देशकै अर्थतन्त्रमा प्रत्यक्ष असर पार्ने आर्थिक कारोबारमा स्पष्ट नीति सहित सरकारीलाई जोड दिदै अघि बढि रहेको छ । देश लामो समयदेखि द्वन्द्वको चपेटामा तथा श्रम र औद्योगीकरणमा कमी आएको

समयमा समेत बचत तथा ऋण सहकारीको समग्रमा आर्थिक विकासलाई टेवा दिन सक्षम भएको दखिन्छ ।

शर्मा, (२०६९) का अनुसार गरिबी न्यूनिकरणको सहयात्रिका रुपमा बचत तथा ऋण सहकारीहरु भन्ने शिर्षकममा गरिएको एक अध्ययनमा रुपन्देही जिल्लाका बचत तथा ऋण सहकारी संस्थालाई छनौट गरिएको थियो । त्यस सहकारीका सदस्य हुनु पूर्व र भईसकेपछि बृद्धि हुन गएको आय वितरण अवस्थामा सकारात्मक संकेतहरु आएको पाइएको छ । सो आय वितरणको सँथितिलाई Gini coefficient बाट हेर्दा सदस्य हुनु पूर्व र ०.४६८५ रहेको र सदस्य भईसके पछि असमानता घटेर ०.४१८१ भएको थियो । जुन असमानता कम हुदै गई समानता नजिक पुग्न लागेको सुचकको रुपमा मान सकिन्छ । त्यसै गरी अन्य सहकारी संस्थाको सदस्यको सामाजिक पहिचाहन वृद्धि गर्न ८९ प्रतिशत योगदान पुगेको , समुदाय सँग घुलमिल हुन ९४ प्रतिशत योगदान पुगेको, ५९ प्रतिशत महिला शसक्तिकरण, ५९ प्रतिसत महिलाको सामाजिक सहभागितामा बृद्धि भएको र निर्णय प्रक्रियामा सहभागी हुन ४८ प्रतिशत योगदान पुगेको छ भने कुल सहभागीता बृद्धि भई ४० प्रतिशत भएको पाइयो । सो अध्ययन क्षेत्रको गरीवीको स्तरको मापदण्डको आधारमा सहकारीको सदस्य हुनु पूर्व २४.१ प्रतिशत रसहकारीको सदस्य भइसकेपछि ८.२ प्रतिशत गरीवीको रेखामुनि रहेको जनसंख्या देखिएको छ । यसरी हेर्दा सहकारीमा संलगन भएकै कारण बाट १५.९ प्रतिसत गरिवी घटेको देखिन्छ ।

पैडयाल, (१९९७) का अनुसार ग्रामीण किसानको कुल आम्दानीमा पशु व्यवसायको योदान २७ प्रतिशत र दुग्ध व्यावसायको योग्दान २१ प्रतिशत रहेको जसमा प्रत्यक्ष रूपमा डि.डि.सि.को योगदान महत्व पुर्ण छ । डि.डि.सि ले समेटको क्षेत्रमा प्रत्येक गाईका लागी हुने खर्च त्यस बाट प्राप्त हुने आम्दानीमा आम्दानीको अंश धेरै हुने साथै कृषि कार्यमा गरिएको श्रम बाट भन्दा दुग्ध व्यवसायमा गरिएको उति नै श्रमबाट प्राप्त आम्दानी पनि धेरै हुने उहाको अध्ययनको लागी रिर्पोटमा देखिएको छ । यस्तै गरी डि.डि.सि.ले समेटेका कृषकहरूकको दुग्ध पशुका लागी उपयूक्त हुने घांस, दाना, पशु गोठ व्यावसथापन, रोग निदान उपचार विधि वबरे विशेष ज्ञान भएका हरूले अन्य क्षेत्रको तुलनामा कम खर्चमा बढी दुग्ध उत्पादन गरी बढी आय प्राप्त गर्न सकिने निस्कर्ष उक्त अध्ययानले देखायो । उहाँले यदी किसानहरूलाई दुग्ध व्यवसाय तर्फ चेतना बृद्धि गर्ने हो भने सर्व प्रथम यस

व्यवसायको महत्व यसबाट हुन सक्ने संभावित आम्दानि उपलब्ध सुविधाहरू पशु उपचार सम्बन्धि उपलब्ध हुनु पर्ने सिफारीस गर्नु भएको छ ।

ओझा, (२०६४) का अनुसार यस अध्ययनले दुग्ध उत्पादक र यसको गुणस्तरमा दानाका सामग्रीहरू दुग्ध व्यवसायहरूको कृषि सँग सम्बन्धित दुग्ध व्यवसायहरूको भुमिका र समस्या भविष्यमा दुग्ध व्यवसाय विकासको सम्भाव्यता जस्ता धेरै विषयमा समालोचनात्मक जानकारी प्रदान गरेको छ । दुग्ध सहकारीले ग्रामीण दुग्ध किसानहरूको सामाजिक आर्थिक अवस्तामा परेको प्रभाव शिर्षकमा यस अगाडी यस क्षेत्रमा कुनै अध्ययन नभएको यस अगाडी कसैले पनि दुग्ध सहकारीमा संलगन किसानहरूको सहकारी समस्य बन्न पुर्व र पछि व्यवसाय विकासमा पुगेको सहयोगहरूमा कृषकहरूको घरयासी स्थितिमा ल्याएको परिर्वतन व्याक्तिगत व्यवसायमा ल्याएको परिर्वतन लाई यस अध्ययनमा प्रस्ट पार्न प्रयास गरिने छ । साथै कृषकहरूको दुग्ध व्यवसाय गरे पूर्व र पछिका आम्दानी आम्दानीमा आएको परिर्वतन तथा अन्य विषयहरूका सम्बन्धमा खुल्ला रूपमा अध्ययन गरी निचोड दिने छ । यस नवलपरासी जिल्ला रामनगर गा.वि.स. दुग्ध व्यवसाय किसानहरूको आर्थिक अवस्था,दुग्ध व्यवसायहरूका समस्याहरू,त्यस समस्याका समाधानका उपायहरू र आफनो अध्ययनबाट प्राप्त उपलब्धिहरूको आधारमा भविष्यमा अन्य अध्ययनका लागी सुझाब र सिफारीस पनि गरिने छ ।

२.३ यस अध्ययनको लागी साहित्यि पुनरावलोकनको उमारदेयता (Implication of the Review for the Study)

नेपालको खाद्य नियमावली, (२०५७) यस अध्ययनमा दुग्ध स्वास्थ्य गाई भैसीको थुन बाट दुहेको स्वभाविक अवस्था स्वच्छ ताजा श्रावलाई बुझाउछ । दुग्धको ठोस पर्दाथलाई प्रस्ट पारेको छ ।

गाई भैंसी पालन प्रविधि, (२०६८) यस अध्ययनमा गाई भैसी एउटै समयमा व्यएता पनि दुग्ध दिने कममा भिन्नता भएको कुरा अध्ययनले देखाएको छ । धेरै दुग्ध दिने गाई भैंसीको दुग्धमा ध्यू कम लाग्ने र कम दुग्ध दिने गाई भैसीको ध्यू बढी लाग्ने कुरा यस अध्ययनले प्रस्टाएको छ ।

कृषि विकास योजना, (२०४७) को अनुसार नेपालको हरेका घरधुरीमा ५,६ ओटा सम्म गाई भैंसी पालिएको देखियो । नेपालका धेरै घर धुरीमा धेरै पशुहरु रहेको तर पशुहरुको समानुपातिक विवरण भने देखिएको छैन । नेपालमा पालिएका गाई भैंसी दुग्धका लागी पालिएको अन्य पशुहरु बाट उत्पादित कुल दुग्धको परिणाम मध्ये ८७ प्रतिसत घरयसी प्रयोग हुने र केवल १३ प्रतिशत मात्र विकी हुने नतिजाले देखाएकोछ।

जिल्ला पशु सेवा कार्यलय, (२०७१) को लेख अनुसार नवलपरसी जिल्लामा पशु विकासको सुरुवात आ.ब. २०३९ तिर व्यवसथित नभएको पाइयो तर यस विषयमा क्रमिक सुधार हुदै हाल आएर जिल्लामा १५ ओटा पसु सेवा केन्द्र जिल्ला पशु स्वास्थ्य कार्यकम रहेकोछ ।

राष्ट्रिय दुग्ध विकास बोर्ड, (२०६९) को अध्ययन अनुसार गाई भैंसीको रोग सँग लड्ने क्षमता कारणले पनि दुग्धको बनावट र उत्पादनमा फरक पर्दछ गाई भैंसीले खाने खाना कलिला घाँस खाँदा दुग्धको फयाट घटछ र सुखा घाँस खाँदा फयाटको मात्र बडन जान्छ भन्ने कुरा यस प्रस्ट छ ।

अर्थमन्त्रालय, (२०६८) को अध्ययन अनुसार सहकारीलाई उत्पादन बृद्धि गर्ने, गरिवी तथा असमानता न्यूनिकरण गर्न, प्रतिस्थापन, निर्यात प्रवद्धन रोजगारीको र्सजना, सामाजिक न्याय र सदभाव प्रवद्धन गर्ने आद्यारशीलाको रुपमा विकसित "गाँउ गाँउमा सहकारी घरघरमा रोजगारी" राष्ट्रिय कार्यकमलाई अभियानको रुपमा विस्तार गरिएको थियो । स्थानीय स्रोत र साधान, पूँजी र श्रम उपयोग गरी समावेशी आर्थिक आधार निमार्ण गर्न सक्ने खम्बाको रुपमा सहकारीलाई स्थापना गरिने विषय स्पष्ट पारिएको छ ।

नेपाल राष्ट्र बैंक, (२०६९) को अनुसार आपनो निश्चित उद्देश्य आवश्यकता वा समस्याको समाधानको निम्त व्यक्तिको सामुहिक संम्लगनता, निरन्तरता, आर्थिक सहभागीता वा पूँजीगत योगदानको र प्रजातान्त्रिक ढंङ्गबाट समान मान्यताहरुलाई अवलम्बन गरी इच्छित उद्देश्य परिपूर्ति र संस्थाको प्रबद्धन स्वामित्व र नियन्त्रण व्यक्तिहरुको आफनो आवश्यकाता पुरा हुने गरी गरिने एउटा पद्दति नभै सहकारीता हो । सहकारी संस्थाको माध्यम बाट ऋण तथा बचत, दुग्ध सुपथ मुल्य, सुपथ मुल्यको चिया, जडीबुटी, स्वास्थ्य क्षेत्रमा सहकारी संस्थाको स्थापना हुने कम बढेको पाइन्छ ।

२.४ अनुसन्धान अन्तर (Research Gap)

यस अध्ययनमा साहित्यको पुनरावलोकन र यस अध्ययनको विचमा अनुसन्धान अन्तर यस प्रकार रहेको छ । साहित्यको पुनरावलोकनमा नमूना छनौट विधिको माध्यमबाट सिमित जनसंख्यहरूलाई सम्भावनायुक्त नमूना छनौट विधिबाट सबैको प्रतिनिधित्व हुने गरी वास्तविक र यथार्थ तथ्याङ्क संकलन गरिएको छ तर यस अध्ययनमा सहकारीमा संलग्न सदस्यहरूको पारिवारीक, आर्थिक तथा शैक्षिक अवस्था र सहकारीको वर्तमान अवस्थाको बारेमा लक्षित समुह छलफलको माध्यमबाट सत्य र यथार्थ तथ्याङ्क प्रस्तुत गरिएको छ । यस अध्ययनको साहित्यको पुनरावलोकनमा सहकारीमा संलग्न सदस्यहरूको आर्थिक तथा शैक्षिक क्षेत्रको वारेमा अध्ययन गरिएको छ । उल्लेखित अन्तरहरूको आधारमा सहित्यको पुनरावलोकन र यस अध्ययनको विचमा अन्तर छुट्याउन सकिन्छ ।

२.५ अवधारणात्मक ढाँचा (Conceptual Framework)

यस अध्ययनको अवधारणात्म ढाँचा यस प्रकार छ ।



स्रोत : भट्ट, २०७३ ।

२.६ कार्यात्मक अवधारण (Functional Framework)



अध्याय : तीन (CHAPTER –THREE)

३. अनुसन्धान विधि तथा प्रक्रिया (Research Method and Procedures)

यस अध्ययानमा अध्ययन अनुसन्धानमा समावेश गरिने अनुसन्धान ढांचा,तथ्याङ्क संकलन प्रक्रिया, नमूना छनौट प्रक्रिया, तथ्याङ्कको स्रोतहरू र तथ्याङ्क विश्लेषण गर्न तथा अध्यायनको उद्देश्य पूरा गर्नको लागी आवश्यक निम्न प्रक्रिय र विधिको प्रयोग गरिएको छ ।

३.१ अध्ययनको ढाँचा (Research Design)

यो अध्ययनमा व्याख्यात्मक तथा विश्लेशणत्मक ढाँचा (Discritire and Analytical Research Design)मा आधारीत छ । यस अध्ययनको उद्देश्य परिपूर्ति गर्न आवश्यकता अनुसार संख्यात्मक तथा गुणात्मक तथ्याङ्क प्रथामिक तथा द्बितीय तथ्याङ्क प्रयोग गरिएको छ । संख्यात्मक ढाँचालाई आवश्यकता अनुसार तालिका,प्रतिशत र औषतमा देखाईएको छ ।

३.२ तथ्याङ्का स्रोतहरू (Sources of Data)

अध्ययन पूर्ण रूपमा प्रथामिक तथ्याङ्ककमा आधारीत छ । प्रथामिक तंथ्याडक बाट प्राप्त हुन नसकेको जानकारीहरू प्राप्त गर्नको लागी द्बितीय तंथ्याङ्कको प्रयोग गरिएको छ । यस अध्ययनमा प्रयोग गरिएको तथ्याङ्कको स्रोतहरूको निम्न अनुसार उल्लेख गरिएको छ ।

३.२.१ प्रथामिक स्रोतहरू (Primary Source)

यस तथ्ययाङ्कको प्रथामिक स्रोतको रूपमा नमूना छनौटमा परेका नमूना दुग्ध विकी कृषकहरू रहेका छन । प्रथामिक तथ्याङ्क संकलनको लागी अनुसन्धान कर्ता स्वयम अध्ययन क्षेत्रमा गई सम्बन्धित दुग्ध व्यवसायी (कृषक) संग प्रत्क्षय भेटघाट गरी प्रश्नवाली अनुसार संकलन गरिएको थियो ।

३.२.२. सहायक स्रोत (Secondary Sources)

प्राथामिक स्रोत बाट प्राप्त गर्न नसकिएका तथ्याङ्क सहायक (द्धितीय) स्रोत बाट प्राप्त गरिएको छ । सहायक स्रोत अन्तर्गत गा.वि.स. जि.कृ.का. र जि.वि.स. अन्तराष्ट्रिय एकिकृत विकास केन्द्र, जिल्ला तथ्याङ्क कार्यलय, दुग्ध विकास साखा विभिन्न प्रकासित तथा अप्रकासित लेख रचना पत्रपत्रिकाहरू तथा विभिन्न सरकारी, गैर सरकारी संघ संख्यबाट निकालिएका पुस्तकहरू, अध्ययन अनुसन्धान कर्ताले दूग्ध व्यवसाय सम्बन्धि निकालिएका सोध पत्र र प्रतिवेदनहरवाट तथ्याङ्क संकलन गरिएको छ ।

३.३ जनसंख्या र नमूना आकार र छनौट रणनीति (Population, sample size and Sampling Strategy)

३.३.१ जनसंख्या (Papulation)

यस अध्ययनमा लुम्विनी अंञ्चलको नवलपरासी जिल्ला रामनगर गा.वि.स.लाई उद्देश्य मुलक नमूना छनौट विधिका आधारमा छनोट गरिएको छ । वि.स.२०६८को जनगणना अनुसार रामनगर गा.वि.स.कुल जंनसख्या १५,६०६ मध्ये पुरुष ७,१०३ र महिला ८,५०३ जना रहेका छन । यस गा.वि.स.मा घर धुरी संख्या ३३१५ रहेको छन जस मध्ये सहकारी सदस्य ३२० शेयर सदस्य छन् ति मध्ये १०० शेयर सदस्यलाई नमुनाको रुपमा छनोट गरिएको छ । ती १०० घरघुरीले दुग्ध व्यवसाय संचालन गर्दछन । उक्त संख्या नै यस अध्ययनको जनसंख्या हो ।

३.३.२ नमूनाको आकार (Sample Size)

यस अध्ययनको कुल जनसंख्या १०० घरघुरी रहेको छन र अध्ययनमा ती सम्पुर्ण घर घुरीलाई नै समावेश गरिएको छ त्यस्तैले यस अध्ययनको नमूना आकार १०० घरघुरी अर्थात १०० प्रतिशत हो ।

३.३.३ नमूना छनौट रणनीति (Sampling Strategy)

यस अध्ययनको नमूना छनौट निम्न अनुसार गरिएको छ ।

१) यस अध्ययनका लागी लुम्बिनी अंञ्चलको नवलपरासी जिल्लामा रहेको रामनगर गा.वि.स लाई उद्देश्यात्मक नमूना छनोट विधिका आधारमा छनोट गरिएको छ ।

२) नमूना छनौट गा.वि.स मा दुग्ध व्यवसायमा संलग्न कुल घरघुरी संख्या १०० मध्ये यस संगणना विधि (**Consus** Methed) का आधारमा १०० घरघुरी अर्थात १०० प्रतिसतलाई नै छनोट गरिएको छ ।

३.४ तथ्याङ्क संकलनका साधनहरु (Data Collection Tools)

यस अध्ययनका लागी निम्न लिखित तथ्यङ्क संकलनका साधनहरु प्रयोग गरिएको छ ।

३.४.१ प्रश्नावलिहरू (Questinnaires)

अध्ययनका लागी आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गर्नका लागी साधनको रुपामा प्रश्नवलीलाई प्रयोग गरिएको छ । सहकारी संस्थामा संलग्न भएका सदस्यहरुको आर्थिक र उनीहरुको बालबालिकका शैक्षिक अवस्थाको बारेमा तिनै सदस्यहरु संग प्रश्नहरु सोधिएको थियो । दुग्ध सहकारीका अध्यक्षलाई सहकारी संस्थाले प्रवाह गरेको ऋण तथ अरु सुविधा बारे वर्तमान अवस्थाको बारेमा सहकारीको समस्याहरु आदिको बारेमा प्रश्न सोधिएको थियो ।

३.४.२ अवलोकन सूची (Observation From)

अध्ययन अनुसन्धान कर्ता अध्ययनको उद्देश्य पूर्तिका लागी नमूना छनोटमा परेका समस्याको स्वयम दूग्ध सहकारी कार्यलय र र नमूना छनोटमा परेकाा सदस्यको घर दैलोमा पुगी उनीहरुको घर व्यवस्था,खानेपानीको अवस्था, शौचालयको अवस्था,उर्जाको अवश्था,आम्दानीको अवश्था, सरसफाईको अवस्था आदिको स्थलगत अवलोकन गरिएको थियो । उक्त अवलोकन सूचीलाई २ मा राखिएको छ ।

३.४.३ छलफल निर्देशिका (Discussion Guide)

लक्षित समूह छलफलको लागी दुग्ध सहकारी संस्थामा आवद्ध मानिसहरुलाई समावेश समावेश गरी छलफल सम्पन्न गरिएको थियो ।

३.५ तथ्याङ्क संकलन तरिकाहरु (Data Collection Techniques)

यस अध्ययनमा तथ्याङ्क संकलनका निम्ति अन्तरवार्ता र छलफल विधिको साथै अवलोकन विधिको प्रयोग गरिएको छ ।

३.५.१ अन्तवार्ता (Interview)

यस अध्ययनलाई उपलब्धिमुखी र उद्देश्यमूलक बनाउन तथा उद्देश्यको परिपुर्तिका लागी आवश्यक पर्ने प्रथामिक तथ्याङ्क संकलन गर्न प्रश्नावली तयार गरी अध्ययनकर्ता स्वय अध्ययन क्षेत्रमा पुगी प्रत्यक्ष रुपमा उत्तरदाता सँग बसी अन्तवार्ता लिई संकलन गरिएको छ ।

३.५.२ प्रत्यक्ष अवलोकन विधि (Direct Observation Method)

यस अध्ययनको उद्देश्य पूर्तिका लागी आवश्यक तथ्याङ्क संकलन गर्नका लागी अवलोकनलाई मुख्य विधिको रुपमा प्रयोग गरिएको छ । उत्तरदाताहरु बस्दै आएको घरको अवस्था, खानेपानी अवस्था, सरसफाईको अवस्था,उर्जाकाो अवस्था, शौचलयको अवश्था,आदि बारेमा अध्ययन कर्ता प्रत्यक्ष अध्ययन क्षेत्रमा गई सहमागीता मुलक अवलोकन गरीएको थियो ।

३.५.३ लक्षित समूह छलफल (Focused Group Discussion)

यो अध्ययनको उद्देशय पुरा गर्न अध्ययन कर्ता स्वयम सहकारी संस्थामा आवद्ध सदस्यहरुलाई फरक फरक मितिमा २०,२० जनाको समूहमा २ घण्टाको समय निर्धारण गरी लक्षित समूहमा छलफल संचालन गरी आवश्यक सूचना संकलन गरिएको छ ।

३.६ तथ्याङ्क विश्लेषणको तरिकाहरू (Techniques of Data Analysis)

तथ्याङ्क संकलन विधिबाट प्राप्त सूचनाहरूलाई आवश्यकता अनुसार विश्लेषण गर्न वर्णानात्मक ढाँचाको प्रयोग गरिएको छ । तथ्याङ्कबाट प्राप्त सूचनालाई सांकेतिकरण तथा तालिकामा देखाउने कार्य गरिएको छ भने प्राप्त तथ्याङ्कलाई तालिका,प्रतिशत र औषतमा देखाएको छ । तालिकामा देखाएका तथ्याङ्कलाई सरल भाषामा व्याख्या गरी निष्कर्ष निकालिएको छ ।

अध्ययन - चार (CHAPTER-FOUR)

४. तथ्याङ्को प्रस्तुतिकरण तथा विश्लेश्ण (Analysis and Interpretation of Results)

यस अध्ययनमा अनुसन्धानबाट प्राप्त पुरा तथ्याङ्कलाई अर्थपूर्ण बनाइएको छ । प्रारम्भमा संकलन गरिएको केही तथ्याङ्क बाट कुनै ठोस सूचना प्राप्त नहुने हुदा तथ्याङ्कलाई व्यवस्थित तरिकाले शीर्षक अनुसार तालिकाको प्रयोग गरी तथ्याङ्कलाई विश्लेषण गरी प्रस्ट पारिएको छ ।

४.१ नवलपरासी जिल्लाको परिचय (Introduction of Nawalparasi District)

नवलपरासी जिल्ला नेपालको पश्चिमाञ्चल विकास क्षेत्रका १६ जिल्लाहरू मध्ये देश कै मध्ये भागमा पर्ने जिल्लाको रूपमा रहेका छ । यो शान्ति अग्रदूत गौतम बुद्धको जन्मस्थलको रूपमा विश् प्रख्यात लुम्बिनी अंचलका ६ जिल्लाहरू मध्ये एक तथा देश भरीमा सवै भन्दा बढी कुमाल (१२,३७६)र राजभार (६१४१) जनसंख्या भएको जिल्ला पनि हो । यस जिल्लाको दाँउने डाँडाले बिचबाट चिरी पूर्व तर्फ नवलपूर क्षेत्र र पश्चिम तर्फ परासी क्षेत्र गरी २ भागमा विभाजन गरेको छ । जिल्लाको लगभग मध्य भागबाट ९९ कि.मी.लामो महेन्द्र राजमार्ग द्धारा काटिएको छ । यस जिल्लाको क्षेत्रफल २१७२ वर्ग कि.मी. रहेको छ । ३००मी.देखि १९३६ मी उचाईमा फैलिएको छ । पूर्वको नवलपूर र पश्चिमको परासी क्षेत्र गाभी वि.स. २०१८ सालमा यस जिल्लालाई नवलपरासी नामाकरण गरिएको हो । त्यस भन्दा अघि रूपन्देही जिल्लाको पाल्ही झारखण्ड भनिन्थ्यो । भौगोलिका दृष्टिकोणले पहाड, तराई र भित्री मधेशको संगमबाट बनेकोले यसलाई विधिताले भरिपूर्ण जिल्लाको रूपमा लिन सकिन्छ । यस जिल्लाको पूर्व र दक्षिण भागमा नवलपूर, पश्चिम दक्षिणी भागमा तराई, उत्तर, उत्तर पूर्वर उत्तर पश्चिममा पहाडी भेग अवस्थित छ (जि.वि.स.कार्यलय, नवलपरासी) ।

जिल्लाको विचमा पर्ने महाभारत लेको उत्तरी एंवम दक्षिणी ढाल र महाभारत लेक हुदै दक्षिण तिर फैलिएर नारायणी नदीको किनार सम्म फैलिएको चुरे श्रृखलालाई पहाडी प्रदेश मानिन्छ । यस क्षेत्रको अग्ला टाकुराहरू देवचुली (१९३६मी.) बडचुली (१७६५मी.) र महल

पोखरी (१०३२ मी.रहेको छ । वि.स.२०६८ को जनगण्ना अनुसार यो जिल्लाको कुल जनसंख्या ६,४३,५०८ मध्ये महिला ३,३९,८३३ र पुरुष ३,०३६,६७५ जना रहेका छन । यस जिल्लामा प्रसिद्ध पर्यटकीय स्थल, धार्मिक र एतिहासिक महत्वका रहेको छन । प्रसिद्ध दाँउने देवी, मौलाकालीका, त्रिवेणी धाम आदि जस्ता महत्वपुर्ण धार्मिक स्थलहरु रहेका छन (जि.वि.स.कार्यलय, नवलपरासी) ।

४.१.१ भौगोलिक अवस्था (Geographical Status)

यस जिल्लाको क्षेत्रफल २१६२.१६ वर्ग कि.मी. रहेको छ । यस जिल्ला सामून्द्रीक सतह देखि ३०० मी. देखि १९३६ मी सम्मको उचाईमा रहेको छ ।यस जिल्लाको पूर्वमा चितवन जिल्ला, पश्चिममा रुपन्देही जिल्ला, उत्तरमा पाल्पा र तनहूँ जिल्ला, दक्षिणमा उत्तर प्रदेश विहार पर्दछ (जि.वि.स.को कार्यालय,नवलपरासी) ।

४.१.२ सामाजिक स्थिति (Social Status)

यस जिल्लामा सामाजिक जनजिवन भित्र सरलत, सजकता, मित्रता बढी पाईन्छ । यहाँ सम्पूर्ण बासिन्दाहरुमा पारस्पारिक, मेलमिलाप, सद्‌भाव र समझदारी कायम रहेको छ । यस जिल्लामा विभिन्न धर्म मान्ने मानिस बसोवास गर्दछन । वि.स. २०६८ अनुसार कुल जनसंख्याको ६,४३,५०८ मध्ये हिन्दु धर्म मान्ने मानिस ५६७,४५० रहेका छन जसमा महिला २९९,११ र पुरुष २६८,३४० छन ८८.१८ प्रतिसत छन । यसै गरी बौद्ध धर्म मान्ने मानिस ३८,६१५ छन् जस मध्ये पुरुष १७,५५९ र महिला २१,०५६ अर्थात ६ प्रतिसत छन । यसै गरी ईस्लाम धर्म मान्ने मानिस २४,१६० छन जस मध्ये पुरुष ११,७७३ र महिला १२३,८७ छन अर्थात ३.७५ प्रतिसत छन । किराँत धर्म मान्ने मानिस ३५४ अर्थात ०.०६ प्रतिसत छन । जस मध्ये पुरुष १६६र महिला १८८ जना छन। र किश्चियन धर्म मान्ने मानिस ११,१८० जना अर्थात १.७४ प्रतिसत छन । जस मध्ये पुरुष ५,०३२ र महिला ६,१४८जना रहेका छन जस मध्ये सवै भन्दा धेरै ब्राह्मण, त्यस पछि क्षेत्री, थारु, चौधरी, मगर मुस्लिम, दलित, नेवार आदि जाती बसो बास गर्दछन। यी सम्पूर्ण धर्म मान्ने मानिसहरु आपसमा मिलेर बसोबासगरी समाजमा सद्‌भाव कायम राखि आर्थिकमा सहयोग गदै आएको पाइन्छ (जि.वि.स.कार्यलय, नवलपरासी) ।

४.१.३ शैक्षिक अवस्था (Educational Status)

शैक्षिक दृष्टिकोणले नवलपरासी जिल्ला अन्य जिल्लाको तुलनामा अग्र पङ्क्तिमा परेको छ । भन्निछ शिक्षा नै सामाजिक परिर्वतनको बाहक हुन । यस जिल्लामा ३१ क्याम्पस तथा कलेजहरु,७२८ सामूदायीक, निजी तथा धार्मिक विद्यालयहरु रहेका छन । कतिपय सामूदायीक विद्यालयहरु समुदायमा हस्तान्तरण गरिएको छ भने ग्रमीण भेगका केही क्षेत्रहरुमा समुदायको पहलमा विद्यालय स्थापना गरी सम्पूर्ण खर्च स्थानीयवासीहरुले नै जुटाई विद्यालय संञ्चालन गरेको अवस्था छ । यहाँ बालविकास केन्द्र संख्या ५७७ वटा छन । कुल विद्यालय संख्या ७२८ वटा छन । सामूदायीक विद्यालय संख्या ४८७ ओटा छ । संस्थागत विद्यलय संख्या १९७ ओट छ । धार्मिक विद्यालय संख्या ४४ ओटा छ। क्याम्पस संख्या ३१ ओटा छ । स्रोत केन्द्र संख्या १३ ओटा र सामूदायीक अध्ययन केन्द्र ३२ ओटा छन । यस जिल्लाको समग्र साक्षरता ७०.७६ प्रतिशत रहेका छ । पुरुष साक्षरता ७९.८८ प्रतिशत, महिला साक्षरता दर ६२.७६ प्रतिशत रहेको छ । सहरी क्षेत्रको साक्षरता ७७.३८ प्रतिसत तथा ग्रामीण क्षेत्रको साक्षरता ६६.६७ प्रतिसत रहेको छ (तथ्याङ्क कार्यालय ,नवलपरासी) ।

४.१.४ आर्थिक अवस्था (Economic Status)

यस जिल्लाको आर्थिक स्रोत कृषिमा निर्भर रहेको छ । कृषि क्षेत्रका दक्ष तथा अर्ध दक्ष जनशक्तिहरुको जनसंख्या ६२.८२ प्रतिसत रहेका छन । यस जिल्लाको खेती योग्य जमिन २७४,०१५ हेक्टर छ । यस जिल्लको मुख्य वाली धान,गहुँ ,मकै मुख्य बाली हो भन्ने नगदे वालीमा आलु, तोरी, मसुरो आदि र फलफलमा आपँ, लिची, कटहर, सुनतला कागती,केरा,अम्बा आदि प्रमुख रहेका छन । यस जिल्लामा अर्थिक रुपमा सक्रिय जनसंख्या ३६.२८ प्रतिसत रहेका पाइन्छ जसमा पुरुष ३१.७९ प्रतिसतर महिला ४०.२३ प्रतिसत रहेको पाइन्छ । कृषि, वन, र माछा पालन क्षेत्रमा ६७.३२ प्रतिसत, औद्योगीक क्षेत्रमा ६.४६ प्रतिसत, थोक तथा खुद्रा व्यपारमा ६.३७ प्रतिसत, निर्माण क्षेत्रमा ४.१६ प्रतिसत रहेका छन । यस जिल्लामा प्रस्सत राम्रो आर्थिक अवस्थाका संभावनाहरु भएको पाइन्छ (जि.वि.स. कार्यलय, नवलपरासी) ।

४.१..५ धार्मिक तथा पर्यटकीय क्षेत्र Religion and Farenar Area

यस क्षेत्रमा पर्ने धार्मिक तथा पर्यटकीय क्षेत्रहरू रामग्रम स्तुप, त्रिवेणी धाम, पाल्ही भगवती, गजगढाधाम, राधा कृष्ण मन्दिर, नागबाबा, कोहरा मन्दिर, रामजानकी मन्दिर,बालपुरी कूटी, मन्द्रासी बाबा, सिखौलीधाट, रुद्रपुर गडी, मदा स्थान, कुमारवर्ती, मौलाकाली मन्दिर, दाँउने

देवी,शिवमन्दिर, मितेरी घाट, भृकुटी घाट, देवघाट, मौसरघाट, व्याक्टेर मन्दिर,बाली घाट, पण्डितपुर आदि यस जिल्लामा महत्वपूर्ण धार्मिक तथा पर्यटकीय क्षेत्रहरू छन (जि.वि.स. कार्यालय, नवलपरासी) ।

४.१.६ भू उपयोगको अवस्था (Geographical Status)

भूमिसुधार तथा व्यवस्थापन विभाग, भूमि पुर्नस्थापना परियोजनाले तयार गरेको प्रतिवेदनमा यस जिल्लाको कुल क्षेत्रफल २०१६.१६ वर्ग कि.मि.रहेको छ ।यस क्षेत्र कृषि भूमिको ३४.७९ प्रतिसत, वन क्षेत्र ५२.०५ प्रतिसत रहेको छ । कुल क्षेत्रफलको २.८९ प्रतिसत झाडी र धास क्षेत्र छ । ३३.३२ प्रतिसत नदीनाला र ३.२३ प्रतिसत अन्य क्षेत्र रहेको छ (तथ्याङ्क कार्यालय,नवलपरासी) ।

४.१.७ जनसांखिक अवस्था (Demographical Status)

जनसंख्याका अधारभुत तथ्याङ्कहरूको विवरण यस खण्डमा राखिएको छ राष्ट्रिय जनगणन २०६८ का प्रकासित गरिएको छ । जिल्लाको कोरा जन्मदर,कुल प्रजन्न दर, बालमृत्यु, शिशु मृत्यु, औषत आयु र मातृ मृत्दुर जनसांख्यिक गणना भएता पनि स्वास्थ्य सम्बन्धी महत्पूर्ण सूचकको रूपमा लिइन्छ । जनसांख्कि गणनाहरू जिल्ला स्तरमा हरेक ५/५ सर्वेक्षण वा अनुगमन गर्नु पर्ने भएता पनि हाल यस्तो योजना तथा नीतिहरू बनेको देखिदैन । १०/१० वर्षमा हुने जनगणनामा मात्र भर पर्नु पर्ने अवस्था रहेको छ ।

तालिका ४.१

जिल्लाको जनसंख्या सम्बन्धी विगत देखि वर्तमानको अवस्था २०७२

वर्ष	जनसंख्या	पूरुष	महिला	घरपरिवार	वृद्धिदर	जनधनत्व	परिवारको आकार
२०२८	१, ४६, ५४८	७५, ३१९	७१, २२९	२४, ३४६		११८	६.०२
२०३८	३, ०८, ८२८	१, ५९, १६२	१, ४९, ६६६	४९, १५०	७.४५	१४३	६.०२
२०४८	४, ३६, २१७	२, १७, ७४९	२, १८, ४६८	७२, ५, ६५	३.४५	२०२	६.०१
२०५८	५, ६२, ८७०	२, ७८, २५७	२, ८४, ६१३	९८, ३४०	२.५५	२६०	५.७२
२०६८	६, ४३, ५०८	३, ०३६, ६७५	३, ३९, ८३३	१, २८, ७९३	१.३४	२९८	५.००

स्रोत : राष्ट्रिय जनगणनाको प्रतिवेदनहरू

४.१.८ परिवार संख्या (Famly Members)

राष्ट्रिय जनगणना २०६८मा देशभित्र अक्सर बसोबास गर्ने व्यक्ति तथा परिवारहरूको व्यक्तिगत तथा पारिवारिक विवरणहरू संकलन गरिएको थियो । यस जनगणना अनुसार यस जिल्ला भित्र जम्मा जम्मी १२८,७९३ परिवारहरू बसोबास गरेको देखिएको छ, जसमध्ये १२८,७६० परिवारहरू व्यक्तिगत घरपरिवारको रूपमा बसोबास गरेको र बाकी ३३ परिवारहरू संस्थागत रूपमा बसोबास गरेको पाइएको छ । वि. स.२०६८ मा ग्रामीण क्षेत्रमा ७४,६३४ परिवार अर्थात कुल परिवारहरूको ५७.९६ प्रतिशत र शहरी क्षेत्रमा ५४ हजार १२६ अर्थात ४२.०४ प्रतिशत परिवारहरू बसोवास गरेको देखिन्छ जबकी २०५८ सालमा ग्रामिणतर्फ ९४,४४७र शहरीतर्फ ३,८९३ परिवारहरू बसो बसो बास गरेका छन । त्यसै गरी गा.वि.स.गत परिवार संख्या तर्फ दृष्ट्रिगत गर्दा रामनगर गा.वि. स.मा सबै भन्दा धेरै ३,३१५ परिवारहरूर डाँडाझेरी टाँडी गा. वि.स.मा सबै भन्दा कम ४२२ परिवारहरू बसोबास गर्दछ । शहरी क्षेत्रमा परिवार संख्या तर्फ दृष्टिगत गर्दा गैडाकोट न.पा. मा सवै भन्दा धेरै १३,०२४ परिवारहरू र रामग्राम न.पा. मा सवै भन्दा कम ४.९७२ परिवारहरू बसोबास गर्दछ (जि.वि.स.कार्यालय, नवलपरसी) ।

४.१.९ परिवारमा खाना पकाउन प्रयोग गरिने इन्धन (Use of Enegery for Cooking Food)

राष्ट्रिय जनगणना २०६८ को नतिजाले जिल्लाका कुल परिवार मध्ये अधिकांश परिवारले खाना पकाउने काठ, दाउरा प्रयोग गर्ने गरेको देखिन्छ । कुल परिवारको ७०.९९ प्रतिशतले खाना पकाउ दाँउरा प्रयोग गरेको पाइयो । विगत जनगणनामा एल.पि. ग्याँस प्रयोग गरेका परिवारहरू करिब ५ प्रतिशत रहेकोमा यस जनगणनामा उल्लेख बृद्धि भई ११७.०३ प्रतिशत पुगेको छ । त्यसतै हाल खाना पकाउने गोबर ग्यास प्रयोग गर्न को संख्या ५.११ प्रतिशत रहेको पाइयो । जुन १० वर्ष अघि २.२२ प्रतिशत घर परिवारले प्रयोग गर्ने गरेको थिए । खाना पकाउन गुईठा प्रयोग गर्ने परिवारको प्रतिशत ५.३३ रहेका छ । जुन १० वर्ष अघि १७.२८ प्रतिशत रहेका थियो (जि.वि.स.कार्यलय, नवलपरासी) ।

४.१.१० परिवारमा बत्ति बाल्न प्रयोग गरिने साधन (Use of Energy for Light)

जिल्लाका धेरै जसो घरपरिवारहरूले आफु बसोवास गरेको घर, आवसीय इलाकामा बत्ति बाल्नका लागी विजुली प्रयोग गर्ने देखिएको छ । बत्ति बाल्नका लागी सोलर अन्य इन्धन प्रयोग गर्ने परिवार क्रमशः४.२० र २.२१ प्रतिशत रहेका देखिन्छ । गोवर ग्याँस प्रयोग गर्ने परिवारहरू केवल ०.१९प्रतिशत मात्र रहेको छ (जि.वि.स. कार्यलय, नवलपरासी) ।

४.१.११ परिवारले प्रयोग गर्ने शौचालयको सुविधा (Ues of Toilet by Family)

जिल्लाका ३८ प्रतिशत परिवारहरू सँगं आफु बस्ने घरमा आफै पनि शौचालयको सुविधा नभएको तथ्याङ्क राष्ट्रिय जनगणना २०६८को नतिजा ले देखाएको छ जुन संख्या विगतको जनगणनामा ६८.२३ प्रतिशत थियो । हाल ४६.७८ प्रतिसत परिवारहरूले सेप्टिक टंयाङ्की जोडिएको प्लस भएको आधुनीक शौचालय प्रयोग गर्ने गरेको पाइएको छ । जुन विगतको जनगणना मा १७.९९ प्रतिसत मात्र थियो । त्यसै गरी साधारण शौचालय प्रयोग गर्ने परिवारको संख्या १४.८६ प्रतिसत देखिएको छ । जुन विगतमा १२.७० प्रतिशत थियो । खाने पानी तथा सरसफाई डिभिजन कार्यलयबाट प्राप्त रेकर्डका आधारमा २०७१ को आषाढ मसान्त सम्म जिल्लाका ५९.गा.वि.स.हरू मध्ये ४५वटा गा.वि.स.हरू खुला दिसा मुक्त घोषण भएका छन् भने ६न.प. मध्ये ५वटा खुला दिसामुक्त घोषण भैसको छन (जि.वि.स.कार्यलय, नवलपरासी) ।

४.१.१२ जिल्लाको शैक्षिक विवरण (Description of District Education)

शिक्षा व्यक्ति एवं समाज विकासको लागी मेरुदण्ड हो शिक्षा विना देश विकासको कल्पना पनि गर्न सकिदैन । व्यक्तिलाई सामाजिकरण गर्न शिक्षाले ठुलो सहयोग पुराएको हुन्छ । आजको दिनमा शिक्षा हासिल गर्न विद्यालयमा अध्ययनगर्न जाने बाल बालिकाहरू नै भोलीको देशको कर्णधार हुने हुदा पनि शिक्षालाई यति धेरै महत्व दिएको पाईन्छ भनिन्छ शिक्षा नै समाजको बाहक हो । त्यसैले यो कुरा बिर्सनु हुदैनन कि सम्पुर्ण शैक्षिक प्रक्रियाको केन्द्र विद्यालय हो । जिल्लाको महत्वपुर्ण स्थल, व्यापारीक केन्द्रलाई ध्यानमा राखेर निजी क्याम्पस, उच्च मा.वि.को स्थापन भएकोछ । जिल्लाको शैक्षिक विवरणलाई तालिकामा स्पष्ट देखाइएको छ ।

तालिका ४.२

जिल्लाको शैक्षिक संस्थाहरूको विवरण - २०७२

क.स.	विवरण संख्या	वर्तमान स्थिति
१	बाल विकास केन्द्र	५७७
२	कुल विद्यालय संखया	७२८
३	समामुदायीक विद्यालय	४८७
४	संस्थागत विद्यालय	१९७
५	धार्मिक विद्यालय	४४
६	क्याम्पस	३१
७	स्रोत केन्द्र	१३
८	सामुदायिक अध्ययन केन्द्र	३२

स्रोत : जिल्ला शिक्षा कार्यलयको शैक्षिक दपर्ण, २०७०

माथिको तालिका ४.२ अनुसार जिल्लाको शैक्षिक अवस्थालाई हेर्दा बाल विकास केन्द्र ५७७ वटा रहेको पाइयो । कुल विद्यालय संख्या ७२८ ओटा रहेको पाइयो । सामूदायीक विद्यालय ४८७ ओटा रहेको पाइयो । संस्थागत विद्यालय४८७ ओटा रहेको पाइयो । धार्मिक विद्यालय ४४ ओटा रहेको पाइयो । क्याम्पस ३१ ओटा रहेको पाइयो । स्रोत केन्द्र १३ ओटा रहेको पाइयो र सामूदायीक अध्ययन केन्द्र ३२ ओटा रहेको पाइयो ।

४.१.१३ जिल्लाको साक्षरता अवस्था (Literancy Condition of District)

राष्ट्रिय जनगणना मा ५ बर्ष वा सो भन्दा माथिल्लो उमेरका व्यक्तिहरूको शैक्षिक अवस्था सम्वनधी विवरण संकलन गरिएको थियो यस जनगणनामा नतिजामा ५ बर्ष वा सो भन्दा माथिल्लो उमेरको लेख्न पढन जान्ने व्यक्तिलाई सारक्षर मानी साक्षर दर निकालिएको छ । विगतको जनगणनामा ६ बर्ष वा सो भन्दा माथिल्लो उमेरका व्यक्तिहरूको मात्र साक्षरता दर गणना गारिएको छ । यस पटकको नतिजाले जिल्लाका ५ बर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल ५,८७,८९८ जनसंख्यामा ४,१६,०११ जना पढन लेख्न जान्ने देखिएको छ । यस प्रकार समग्र साक्षरता दर ७०.७६ प्रतिसत कायम हुन आएको देखिन्छ । पुरुषको साक्षरता दर ७९.८८ प्रतिशत छ भने महिला को साक्षरता दर ६६.७६ प्रतिशत रहेको छ । अधिल्लो जनगणनामा ६ बर्ष वा सो भन्दा माथिल्लो उमेरका व्यक्तिहरूको कुल साक्षरता दर

५३.३० पुरुष साक्षरता दर ६६.०० र महिला साक्षरता दर ४०.९० प्रतिसत थियो । गा.वि.स.मध्ये सवै भन्दा बढी साक्षरता भएको ५ गा. वि. स.हरू मध्ये धौवादी (७७.१४ प्रतिसत) रामनगर (७७.१४ प्रतिसत) रजहर (७६.७२ प्रतिसत) दुम्किवास (७६.०१ प्रतिसत) तमसरिया (७६.०१ प्रतिसत) हुन भने सवै भन्दा कम साक्षरता भएका ५ गा.वि. स. मध्ये बडहरा दुबौलिया (४८.८३ प्रतिसत) भारतीपुर (५१.९८ प्रतिसत) रामपुर खडौना (५३.०१ प्रतिसत) गुठीपसौनी (५३.१७ प्रतिसत) पकलीहवा (५३.४२ प्रतिसत) हुन । नगरपालिकामा सवैभन्दा बढी साक्षरता दर भएकोमा गैंडाकोट (८०.९३ प्रतिसत) र कम साक्षरता भएको रामग्रम (६९.५७ प्रतिसत छ । साक्षरता दर ५५ प्रतिसत भन्दा कम भएका गा. वि. स. हरूको संख्या ८ वटा देखिन्छ । साक्षरता दर ६५ प्रतिसत भन्दा कम गा.वि.स.हरूको संख्या २६ वटा रहेको छ । साक्षरता दर ७५ प्रतिसत वा सो भन्दा बढी भएको गा.वि.स. तथा न.पा. हरूको संख्या १० वटा देखिन्छन (जि.वि.स.कार्यलय, नवलपरासी) ।

४.१.१४ कृषि तथा पशु पन्छि (Farming and Pastoralism)

राष्ट्रिय कृषि गण्ना २०६८ मा केन्द्रीय तथ्याङ्क विभागले जिल्लास्तर सम्मका कृषि कियाकलाप, कृषि उत्पादन तथा संरचनागत विवरण संकलन गरेको छ । वि.स.२०१८ सालमा पहिलो पटक कृषि गण्ना भएको थियो भने त्यस पछि प्रत्येक दश दश वर्षमा कृषिगणना हुदै आएको छ । राष्ट्रिय कृषिगणना २०६८ छौंटौं कृषि गण्ना हो । राष्ट्रिय कृषि गणना २०६८ अनुसार नवलपरासी जिल्लामा कुल कृषि चलन १०१,३३७ देखिएको छ जसमा जग्गा भएका कृषि चलन ९९,७०९ र पशु पंछि मात्र पालेका १,६२८ छन । जुन २०५८सालमा जग्गा भएका ८२,२९२ र पशुपंछी मात्र भएका ५३३ मात्र थियो । यसै गरी यस जिल्लामा कुल कृषिचलनको क्षेत्रफल मध्ये खेत ५०,००३.७ हेक्टर र पाखो ६,१२११.५ हेक्टर गर जम्मा ५६,१२५.२ हेक्टर रहेको छ जुन गत कृषिगणनमा ५८,७५३.१ हेक्टर थियो जसमा खेत ४८,११४.८ हेक्टर र पाखो १०,६३८.३ हेक्टर रहेको थियो (जि.पशु सेवा कार्यलय,नवलपरासी) ।

४.१.१५ कृषिऋण आपुर्ति स्थिति तथा स्रोतहरू (Source of Agriculture Loan and Condition)

राष्ट्रिय कृर्षि गणना २०६८ अनुसार कृषि ऋण लिने परिवारहरू २२.८१ प्रतिशत रहेका छन । ऋणको स्रोतको रूपमा सबै भन्दा बढी क्रमशः सहकारीबाट २२.३३ प्रतिशत, नातेदारबाट १९.९२ प्रतिशत, कृषि विकास बैंकबाट १७.९१ प्रतिशत, महिला समुहबाट १३.८८ प्रतिशत कृषक परिवारले ऋण लिएको देखिन्छ । त्यस पछि बाणिज्य बैंकबाट ऋण लिनेको संख्या

१३.६८ प्रतिशत रहेको छ भने कृषक समुहबाट ७.२४प्रतिशत रहेको छ । कृषकहरूले कृषि ऋण लिन चाहने कृषिक परिवारहरूको संख्या३९.७६३ वा ३९.२४ प्रतिशत रहेको छन । कृषकको उद्देश्य हेर्दा सबै भन्दा बढी पशु तथा पंक्षी पालनको लागी कहरूले कृषि ऋण चाहानुको उद्देश्य हेर्दा सवै भन्दा बढी पशु तथा पंक्षीपालनको लागी ३६.६१ प्रतिशत, मल तथा बीउको लागी २५.८५ प्रतिशत सिचाईको लागी २१.०५ प्रतिशत देखिन्छ । यसरी नै कृषि औजारको लागी ७.०२ प्रतिशत परिवारहरू र २.१० प्रतिशतले र २.१० प्रतिशतले माछापालनको लागी आवश्यकता भएको बताएको छन (जि.वि.स.कार्यलय,नवलपरासी) ।

४.१.१६ विद्युत तथा उर्जा (Consumption of Electricity)

जिल्लाका ५९ गाविसहरू र ६नगरपालिकाहरू मध्ये ४३ गाविसहरू र ६ नगरपालिकाहरूका अधिकाश भागहरूमा केन्द्रीय प्रसारण लाइन अन्तर्गत विघुतिकरण भैरहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यस जिल्लाका ८७.३ प्रतिसत(७०,४१५ घरघुरी) मा बति बाल्नको लागी विजुली प्रयोग भएको देखिएको छ । हाल जिल्लामा ग्राहक संख्या ९९.५३२ रहेको छ । यस जिल्लामा वार्षिक खपत ७४५१०८७६ युनिटमा घरायसी प्रयोगमा ३१७९०१७८ युनिट वा ४२.६७ प्रतिशत, व्यापारिका प्रयोजनमा १६७७१५६ यूनिट वा २.२५ प्रतिशत संस्थागत रूपमा ९८८०६२ यूनिट वा १.३३ प्रतिशत र अन्य प्रयोजनमा ६३१४८५२ युनिट वा ८.४८ प्रतिशत खपत भएको देखिन्छ ।

४.१.१७ जिल्लाका सहकारी संस्थाहरू (Co- Operatives Organization in District)

हाम्रो देश नेपालमा परम्परादेखि गुठी, ढिकुटी, पर्मा जस्ता एक आपसमा मिलेर सामुहिक कार्य गर्ने, सामाजिक कार्यहरू गर्ने एक अर्काको लागी सहयोगी बन्ने कार्य हुदै आएका छन । सबै मिली बसौं सबैले बाडेर खाऔं, मिलेर काम गरौं भन्ने भावनाले हाम्रो परम्परा र संस्कार ओत प्रोत रहेको पाइन्छ । सहकारी संघ सस्थाहरूको संजाल जिल्लाभरी नै विस्तार भएको पाइन्छ । यी संध सस्थामा सदस्यहरू आवद्ध भएका छन । यस क्षेत्रबाट बार्षिक करीब रु.६,२३१,८९१००० आर्थिक कारोबार हुदै आएको छ । महिलाबाट संचालित सहकारी पनि उपलब्ध छन । महिला, जनजाति, दलित पिछडीएको वर्ग र क्षेत्रका समुदायमा सहकारीताको माध्यामबाट उद्यमको विकास भएको छ । यस जिल्ला गरीब, निम्न आय भएका, वेरोजगार, कृषक आदिको व्यवसायीक आधार नै सहकारीता बनेको छ । रेशम खेती होस वा मौरीपालन, बचत ऋणको कारोबार होस वा दुग्ध उत्पादक, ताजा तरकारी तथा फलफुल उत्पादक होस वा बहुउद्देश्य, हरेक क्षेत्रमा सहकारी व्यवसायले उल्लेख रूपमा

सफलता पाइरहेको छ । यस जिल्लामा आ. ब.२०७०/०७१ सम्म दर्ता भएको जम्मा सहकारी संस्थाहरू ४७५ रहेका छन । उक्त तथ्याङ्क मध्ये बचत तथा ऋण सहकारी सस्थाहरूको संख्या सबै भन्दा बढी २५१ वटा रहेको छ । यी संस्थाहरूमा संचालक सदस्यहरू ४,४५२ जस मध्ये महिला सदस्यहरू २,०६० जना तथा पूरुष सदस्यहरू २,३९२ जना रहेको छ । शेयर सदस्य संख्या १,७७३५० जना छन । सहकारी संस्थाहरूमा जम्मा १,२२१ जनाले रोजगारी प्राप्त गरेको छ (जि.वि.स.कार्यलय, नवलपरासी) ।

४.१.१८ जिल्लाको गरिवको अवस्था (Poverty Condittion of Destrict)

हाम्रो देशमा अपनाइएका गरीव मापन प्रकिया आधारभूत आवश्यकताको लागतमा आधारीत छ यस विधि अनुसार आधारभुत आवश्यकताहरूलाई खाद्य र गैरखाद्य आवश्यकता गरी दुई भागमा बाडेर तिनीहरूको बेगलाबेगलै लागत निकाली दुबै लाई जोडी गरिवीको रेखा निर्धारण गरिन्छ । यस गरीवीको रेखा आधारभुत आवश्यकता जुटाउन आवश्यक पर्ने न्यूनतम खर्चका राशी दिन्छ । जीवन स्तर सर्वेक्षण २०६६,६७ बाट प्राप्त जंनसाख्यीक सुचनाका आधारमा उमेर समूह र लिङ्गको विशलेषण गर्दा २,२२० किलो क्यालेरी आवश्यक पर्ने देखिन्छ । नेपालको सालाखाला गरिबको रेखा प्रतिव्यात्ति१९,२६१ निधारर्ण गरिएको छ । नवलपरासी जिल्लाको गरिबीको रेखा भन्दा मुनीको जनसंख्या १७ प्रतिसत रहेको देखिन्छ । गरिवको संख्या १,०८,७९४ रहेकाछ गरीबीको लघु क्षेत्र अनुगमन विधिको नतिजाले देखाएको छ । गरिबको विषमता ३.८ प्रतिशत र गरीवको गहनता १.२७ प्रतिसत रहेको छ जिल्ला सदरमुख रामग्रम न.पा.मा गरीवीको रेखा भन्दा मुनीको जनसंख्या २४.४७ प्रतिशत रहेको छ । गरिबहरूको सख्या ६,३५९ रहेको नतिजाले उल्लेख गरेको छ । गरिबको विषमता ६.६६ प्रतिशत र गरिवको गहनता २.६२ प्रतिशत छ । जिल्लाका गा.वि.स .हरूमा सवै भन्दा बढी गरीवीको रेखा माथि रहेको जनसंख्या हुप्सेकोट र बेदौलीमा छ । सबै भन्दा कम गरिबीको रेखामुनी गैंडाकोट न.पा.मा छ (जि.वि.स.कार्यलय, नवलपरासी) ।

४.१.१९ मानव विकास (Human Devlopment)

UNDP नेपालबाट प्रकासित गरिएको नेपाल मानव विकास प्रतिवेदन २०१४मा नवलपरासी जिल्लाको नयाँ अवधारणाको आधारमा मानव विकास सूचका ०.४९३ रहेको छ । मानव विकास सुचकाक चार वटा सुचकलाई आधार मानि निकालिनछ । औषत आयू वयस्क साक्षरता, विद्यालय रहने औषत वर्ष र प्रति व्यक्ति आय चार वटा मानबाट यसको मान निर्धारण गरिन्छ । जिल्लाको मानव विकासको स्थिति लाई हेर्दा यहाको औषत आयु ६७.८१

रहेको पाइयो । यहाको विद्यालय रहने औषत बर्ष ३.९७ रहेको छ । प्रति व्यक्ति आय पि. पि .पि.डलरमा ११५७ रहेको पाइयो । वयस्क निरक्षरता ३६.२५ रहेको पाइयो । शुद्ध पिउने पानी पहुँच बाहिरका जनसंख्या १३.११ रहेको पाइयो । आर्थिक पछौटेपन २६.०१ रहेको पाइयो (नेपाल मानव विकास प्रतिवेदन) ।

४.२ रामनगर गा.वि.स.को परिचय (Introduction of Ramnagar VDC)

लुम्बिनी अंञ्चल नवलपरासी जिल्लाको ५९गा.वि.स.मध्ये २९.६० वर्ग कि.मी क्षेत्रफलओगटेको यो गा.वि.स यस जिल्लाको पूर्वी भेगमा पर्दछ । यो गा.वि.स समुन्द्री सतह देखि ११८ मिटरको उचाइमा पर्दछ । यो गा.वि .स क्षेत्र न.४ मा पर्दछ । यस गा.वि.स को मतदाता संख्या २२०४ जना छ । जसमा पूरुष ११३७ र महिला १०६७ जना छन । यो गा. वि.स. सदरमुख बाट दुरी १२ .माइलमा पर्दछ । यस गा. वि.स. लाई महेन्द्र राजमर्गले पुर्व र पश्चिम ५.५ कि.मी दुरीले वीच भाग बाट काटेको छ । यसको पुर्व पट्टी तिलकपुर गा.वि.स, पश्चिम पट्टी स्वाठी गा.वि.स, उत्तरमा धरकोट गा.वि.स., र दक्षिणमा रामग्रम नगरपालिका अवस्थित छ । यो समथर भु भागमा फैलिएको गा.वि.स. हो । यस क्षेत्रमा पवित्र धार्मिक स्थल बाबा बर्दगोरियाको पुण्यभूमी भएकोले वर्षेनी स्वदेश तथा विदेशबाट श्राद्धालु भक्तजनहरु हरितालिका (तीज) को दिन हजारौंको संख्यामा पुजा आजा मेला भर्न भारत बाट समेत मानिसहरु आउने गर्दछन । यस गा.वि.स.मा जम्मा जंनसख्या १५६०६ जना मा पुरुष ७१०३ र महिला ८५५०३ रहेको छ । घरधुरी ३३१५ रहेको छ (जि.वि.स. कार्यलय, नवलपरासी) ।

अधिकाश घरधुीको मुख्य पेशा कृषि नै रहेकोले यहाँ थोरै मेहन्तले पनि राम्रो उतपादन गर्न कृषकहरु सफल भएको पाइन्छ । युवाहरु कृषि बाहेक अन्य पेशा अगाल्नेहरु पनि प्रस्तुत पाइन्छ । यहाँका युवाहरु अर्थोपाजनका निम्ति बैदेशिक रोजगारमा सहभागी भएको पाइन्छ । तथा पनि केही युवा सरकारी, नोकरी व्यापार व्यवसायमा संलग्न भएका पनि छन । यस गा.वि.स.मा खर वा परालको छाना १४५, जस्ताको छाना ६८२, टायल वा स्लेट ७४१, ढलान गरेको १६४८, काठ वा फलामको घर २८ रहेका छन । यस गा.वि.स.मा पिउने पानीको मुख्य स्रोत घारा र पाइपको प्रयोग २०२२ जना, टयुबवेल र हाते पाइपको प्रयोग गर्न १११२,इनारको प्रयोग गर्ने ३ जना, मुलको पानी प्रयोग गर्ने १२ जना रहेका छन । यस गा.वि.स.मा गरीवको दर ८.०६ प्रतिसत,गरीवकिो विषमता १.५३ प्रतिशत, गरीबको गहनता ०.४४ प्रतिसत रहेको पाइन्छ (तथ्याङ्क कार्यालय नवलपरासी, २०७१) ।

४.२.१ गा.वि.स. मा रहेका संभाव्यताहरु (Possiability in VDC)

रामनगर गा.वि.स.मा मझौला तथा साना उद्योगहरु केही मात्रामा भए पनि स्थापना भएको पाइन्छ । रामनगर गा.वि.स.को प्रत्येक वडामा बाटोको सुविधा पुगेको छ । ऐतिहासिक र धाार्मिक दृष्टिकोणले यस पुग्य भुमीमा बाबा बर्दगोरिया र अमर पोखरीलाई विषेश प्रथामिक दिई राष्ट्रिय र अन्तराष्ट्रिय सहयोग जुटाई एर्कित रुपमा विकास गरि यसको प्रचार प्रसार व्यपक रुपमा गरेर आन्तिरक र वाह्य पर्याटकलाई आकर्षण गर्न तिजको मेलामा बसाई लम्बयाउने प्रयास गर्नु पर्छ । त्यसको लागी आवश्यका पूर्वाधार गर्न र पूर्व तयारी गर्नु आवश्यक पर्दछ । यस्तै गरी भूमहीबाट विश्व बैंकको सहयोगमा भैरहवा,परासी र भुभही सम्म जोडने भैरहवा भनसार देखि पवित्र शान्तिका अग्रदुत गौतम बुद्धको जन्मस्थल लुम्बिनी सम्म बाटो जोडने कार्य भैरहेकोले यस क्षेत्रमा बन्य जन्तु आयत निर्यात बैदेशिक व्यापार यातायात सुविधाले गर्दा उद्योग धन्दामा विकास गर्ने व्यपारीक केन्द्र स्थापना गर्न संभावाना देखिन्छ । यस्तै गरी पाल्या जिल्लालाई जोडने बाटो निर्माण गर्न सकेमा पाहाडी क्षेत्रका वन्य जन्तु ,फलफुल, जडीबुटी, निर्यात गरी यस क्षेत्रको जनतालाई लाभ हुने संभावाना रहेको छ ।

४.२.२ भौगोलिक अवस्था (Gographical Status)

रामनगर गा.वि.स नवलरासी जिल्लाको क्षेत्र नं.४ अर्न्तगत पर्दछ । क्षेत्रफल २९.६० वर्ग कि.मि. रहेको छ । महेन्द्र राजमार्गको ७ कि.मि. दुरी सम्म फैलिएको छ । यो गा.वि.स. लाई उत्तरमा चुरे पाहाडले पनि छोएको छ

४.२.३ आर्थिक अवस्था (Economical Status)

यस गा.वि.स.मा अर्थिक संभावानहरु धेरै भएको पाइन्छ, यहां व्यपारीक समभाव्य पनि राम्रो रहेको पाइन्छ । यहाको करीब ६० प्रतिशत जनता आर्थिक रुपमा सक्रिय भएको देखिन्छ ।

४.३ दुग्ध सहकारी संस्थाको वर्तमान अवस्था (Present Contition of Milks Co-Opreative)

दुग्ध सहकारी संस्थाको वर्तमान अवस्था अध्ययन यस अध्ययनको प्रमुख उद्देश्य रहेकोले दुग्ध सहकारी संस्था, सहकारीको बार्षिक आय, सहकारीको बार्षिक खर्च, सहकारीको बार्षिक लगानी, सहकारीको लगानीको स्रोत, सहकारीको कार्यरत कर्मचारी, सहकारीको भौतिक सम्पति, र सहकारीको संचालक समिति आदिलाई छुट्टाछुट्टै गरी विश्लेषण गरिएको छ ।

४.३.१ दुग्ध सहकारीको बार्षिक आय (Annual Income of Milks Co-Operative)

यस दुग्ध सहकारी संस्थाले आफनो कार्य संचालन गर्ने क्रममा विभिन्न क्षेत्रबाट आय आर्जन गरेको देखिन्छ । यस संस्थाले आ.व. २०७०र०७१ रआ.व.२०७१र०७२ मा व्याज, आय,व्यावस्थापन शुल्क, प्रवेश शुल्क, बैंकको व्याज विविध क्षेत्रबाट आम्दानीगरेको पाइएको छ जसलाई तालिकामा स्पष्ट पार्न सकिन्छ ।

तालिका ४.३

दुग्ध सहकारी सस्थाको बार्षिक आय विवरण २०७२

क्र.स.	विवरण	आ.व.२०७०/०७१		आ.व.२०७१/०७२	
		रकम रु.मा	प्रतिशत	रकम रु.मा	प्रतिशत
१	दुग्ध विक्री	५०००००.००	४६.५१	६०००००.००	४४.९४
२	व्यवस्थप शुल्क	१०००००.००	९.३०	१३००००.००	९.७३
३	रेमिट आय	२००००० .००	१८.६०	२२५०००.००	१६.८५
४	प्रवेश शुल्क	५००००.००	५.३७	१०००००.००	७.४९
५	बैंक व्याज	२५०००	२.३२	५००००.००	३.७४
६	विविध आय	२०००००.००	१८.६०	२३००००.००	१७.२२
	जम्मा	१०७५०००.०	१००	.१३३५०००.००	१००
	औषत बार्षिक आय	१७९१६६.६७			

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ४.३ अनुसारर दुग्ध सहकारीको आय विभिन्न क्षेत्रबाट प्राप्त गरेको पाइयो । आ.व. २०७० र ०७१ मा जम्मा आय रु. १०७५००० रहेकामा दुग्ध विकी रु.५००००० वा ४६.५१ प्रतिशत, व्यवस्थापन शुल्क बाट रु.१०००००.०० वा जम्माआयको ९.३० प्रतिशत, रेमिट आय बाट रु.२०००००.००वा जम्मा आयको १८.६० प्रतिशत, प्रवेश शुल्क बाट रु ५००००.०० वा जम्मा आयको ५.३७ प्रतिशत, बैंक व्याजबाट २५००० र विविध आय(जरिमाना) बाट २०००००.०० वा जम्माआयको १८.६० प्रतिसत रहेको पाइयो । त्यस्तै गरी आ.व.२०७१र०७२ मा जम्मा आम्दानी रु १३३५००० रहेको दुग्ध विकी रु.६००००००.०० वा जम्मा आम्दानीको ४४.९४ प्रतिशत व्यवस्थापन शुल्क बाट रु. १३००००.०० वा जम्मा आयको ९.७३ प्रतिसत रेमिट बाट रुं २२५०००.०० वा जम्मा आयको १६.८५ प्रतिशत प्रवेश शुल्कबाट रु.१०००००.०० वा जम्मा आयको ७.४९ प्रतिशत, बैंक व्याजबाट रु.५००००.०० वा जम्मा आयको ३.७४ प्रतिशत र विविध आयबाट रु. २३०००.०० वा जम्मा आयको १७.२२ प्रतिशत बाट यस दुग्ध सहकारी संस्थाले आय गरेको पाइयो ।

४.३.२ दुग्ध सहकारीको बार्षिक खर्च (Annual Expenditure of Millks Co – Operative)

नमूना छनोटमा परेका दुग्ध सहकारीले गरेको आय विभिन्न शिर्षकमा खर्च गर्ने गरेको पाइयो । दुग्ध सहककारीले दुवै आ.व.मा कर्मचारी तलब भत्ता घरभाडा मसलान्द र अन्य कार्य संचालनमा खर्च गर्ने गरेको पाइएको छ । जुन तलको तालिकामा देखाइएको छ ।

तालिका ४.४

दूग्ध सहकारीको खर्च विवरण २०७२

क.स.	विवरण	आ.व.२०७०/०७१		आ.व.२०७१/०७२	
		रकम रु.मा	प्रतिशत	रकम रु.मा	प्रतिशत
१	कर्मचारी	६०००००.००	६१.८५	६२००००.००	२१.९
२	घर भाडा	१५००००.००	१५.	१६००००.००	७.५
३	मसलान्द	१२००००.००	१२.३७	१३००००.००	५.९
४	अन्य	१०००००.००	१०.३०	१२००००.००	६४.७
जम्मा		९७०००००.००	१००	१०३००००.००	१००
औषत बार्षिक खर्च		५०००००.००			

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको ४.४ तालिका अनुसार दुग्ध सहकारी संस्थाले आ.व. २०७०/०७१ मा गरेका खर्च रकम रु.६००००० .०० मा कर्मचारी तलब भत्तामा ६१.२५ प्रतिशत, घर भाडामा १५ प्रतिशत, मसलान्दमा १२.३७ प्रतिशत र अन्य व्याज खर्च कर ह्रासकट्टी, कार्यक्रम संचालन आदि मा १०.३० प्रतिसत खर्च गरेको पाइयो । यसै गरी आ.व.२०७१/०७२ मा गरेको खर्च रकम रु.६२०००० मा कर्मचारी तलब भत्तामा २१.९ प्रतिसत, घर भाडामा ७.५ प्रतिशत, मसलान्दमा ५.९ प्रतिशत अन्यमा ६४.७ प्रतिशत खर्च गरेको पाइयो ।

४.३.३ दुग्ध सहकारीको बार्षिका लगानी (Annual Investment of Milks Co-Operative)

दुग्ध सहकारी संस्थाले आफनो शेयर सदस्यहरुलाई शिक्षा, व्यापार, भवन निर्माण, कृषि क्षेत्र, पशु खरीद र बैदेशिक रोजगारका लागी ऋण प्रदान गरेको पाइन्छ । यस दुग्ध सहकारी संस्थाले आ.व.२०७०/०७१ र आ.व.२०७१/०७२ मा गरेको लगानी विवरण निम्न तालिकामा देखाइएके छ ।

तालिका ४.५

दुग्ध सहकारीक बार्षिक लगानी २०७२

.		आ.व.२०७०/०७१		आ.व.२०७१/०७२	
क.स.	विवरण	रकम रु.मा	प्रतिशत	रकम रु.मा	प्रतिशत
१	शिक्षा	२४०००००.००	१२.०६	३००००००.००	११.४०
२	व्यापार	२७०००००.००	१३.५६	३८०००००.००	१४.४४
३	कृषि	१८००००००.००	९.०४	२९०००००.००	११.०६
४	पशु खरीद	३९००००००.००	१९.५९	५१०००००.००	१९.३९
५	भवन निर्माण	४१००००००.००	२०.६०	५३०००००.००	२०.१५
६	बैदेशिक रोजगार	५००००००.००	२५.१२	६२०००००.००	२३.५७
जम्म		१९९०००००.००	१००	२६३०००००.००	१००

स्रोत : स्थलगत सर्वेक्षण,२०७३

माथिको तालिका ४.५ अनुसार दुग्ध सहकारीको संस्थाकोले सदस्यहरुलाई ऋण लगानी लाई आ.व.२०७०/०७१ र२०७१/०७२ को लगानीलाई माथिको तालिकामा देखाइएको छ । आ. व.२०७०/०७१ मा जम्मा ऋण लगानी रु.१९९00000.00 गरेकामा शिक्षामा रु.४४00000, व्यापारमा रु.२७00000.00 भवन निमार्णमा रु.४१000000 पशु खरदिमा ३९000000, बैदेशिक रोजगारमा ५00000कृषिमा १८00000 लगानी भएको पाइयो । आ.व.२०७१/०७२ मा शिक्षामा ३000000, व्यापारमा ३८00000.00,भवन निमार्ण ५३00000, पशु खरीद ५१00000.00, कृषिमा २९00000.00र बैदेशिक रोजगारमा ६३00000 लगानी गरेको पाइयो ।

४.३.४ दुग्ध सहकारीको लगानीका स्रोतहरु (Sources of Investment Milks Co-Operative)

दुग्ध सहकारीको लगानीको स्रोतको अध्ययन गर्दा ऋणको स्रोत अनुसार व्याज फरक फरक पर्ने हुनाले सहकारी र अन्य स्रोत सम्बन्धी व्यवस्था तलको तालिकामा देखाइएको छ ।

तालिका ४.६

लगानीका स्रोतको विवरण २०७२

क्र.स.	लगानीको स्रोत	सदस्य संख्या	प्रतिशत
१.	बैक तथा वितिय संस्था	५0	५0
२.	साहुमाहजन	२0	२0
३	सहकारी	१५	१५
४	इष्ट मित्र,छिमेकी	१५	१५
जम्मा		१00	१00

स्रोत : स्थलगत सर्वेक्षण,२०७३

माथिको तालिका ४.६ अनुसार अध्ययन क्षेत्रमा परेको दुग्ध सहकारी संस्थामा लगानीको स्रोत बैंक तथा वितिय सस्थाबाट ५0 प्रतिशत, साहुमाहजनको मुद्दती निक्षेपमा २0

प्रतिशत, सहकारी बाट १५ प्रतिशत, इष्टमित्र र छिमेकी बाट १५ प्रतिशत प्राप्त गरेको पाईन्छ ।

४.३.५ दुग्ध सहकारीमा कार्यरत कर्मचारी (Working Employee in Dairy Co- Operative)

यस दुग्ध सहकारीमा कार्यरत कर्मचारीको अवस्थालाई हेर्दा कार्यलय भित्र काम गर्ने र वाहिरी फिल्डमा काम गर्ने गरी जम्मा १० जना कर्मचारी रहेको पाइयो । जस मध्ये ६ जना कर्मचारी कार्यलय भित्रको विभिन्न काम समालेको पाइयो भने ४ जना कर्मचारीले फिल्डमा गई किसानहरुको दूग्ध संकलन गरी सो संकलित दुग्धलाई विकी गर्ने तयार पारेको पाइयो कार्यलयमा रहने कर्मचारीले आर्थिक कारोबारको व्यवस्था गरेको पाइयो ।

४.३.६ दुग्ध सहकारीको भौतिक सम्पति (Assests of Milks CO- Operative)

यस सहकारी संस्थाको भौतिक सम्पतिलाई तलको तालिकामा स्पष्ट पर्ने सकिन्छ ।

तालिका ४.७

सहकारीको भौतिक सम्पतिको विवरण २०७२

क.स.	भौतिक सम्पतिको विवरण	आ.व.२०७०/०७१	आ.व.२०७१/०७२
१	फर्निचर	६००००.००	८००५०.००
२	कम्पयूटर	१४००००.००	१७००००.००
३	स्टेस्नरी सामान	४००००.००	५५०००.००
४	इलेक्ट्रोनिक सामान	२००००.००	३००००.००
जम्मा		२६००००.००	३३५०५०.००

स्रोत : स्थलगत सर्वेक्षण,२०७३

माथिको तालिका ४.७ अनुसार दुग्ध सहकारीको भौतिक सम्पतिलाई अध्ययन गर्दा आ.व.२०७०/०७१ मा फर्निचर ६००००.००, कम्पयुटर १४००००.००, स्टेसनरी सामान ४००००.००, इलेक्ट्रोनिक सामान २००००.००, रहेको पाइयो । यस्तै गरी आ.ब.२०७१/२०७२ फर्निचर ८००५०.००, कम्पयूटर १७००००.००, स्टेस्नरी सामान ५५०००.००, इलेक्ट्रोनिक सामानहरु ३००००.०० रकमको रहेको पाइयो ।

४.३.७ सहकारीको संचालक समिति (Management Team of co- Operatives)

दूग्ध सहकारी संचालन गर्नको लागी संचालक समितिको आवश्यकता रहन्छ त्यसै अनुसार सहकारीमा साधरण सभा हुन्छ । त्यस सभाले कार्य समिति गठन गर्दछ । कार्य समितिले लेखा समिति, उप समिति, सल्हाकार समिति हुन्छन । उप समितिले अनुगमन समिति, ऋण समिति, र शेयर सदस्यहरु लाई समय समयमा बैंठक राखी सहकारीका सवै विषयको छलफल गर्ने गदर्छ ।

४.४ नमुना छनोट कृषकको जनसख्यिकय अवस्था (Sample Selection from Farmer)

दुग्ध सहकारीले रामनगर गा.वि.स.का ९ वटै वडालाई समेटेको छ । यस अध्ययन क्षेत्रको वाडहरुको जनसंख्या, महिला,पुरुष र घरघुरी लाई तालिकामा स्पष्ट देखाइएको छ ।

तालिका ४.८

वडाको आधारमा महिला, पुरुषको जनसङ्ख्या विवरण २०६८

वाड न.	महिला	पुरुष	घरघुरी	जम्मा
१	२२८२	१९५२	९६३	४२३४
२	१३९८	११५८	५५१	२५५६
३	६१३	५०५	२२०	१११८
४	६०६	५९०	२२५	११९६
५	१०७२	७७९	४०६	१८५१
६	७२४	६१३	२८३	१३३७
७	१०३३	७८६	३८१	१८१९
८	४७०	४०४	१७३	८७३
९	३०५	३१६	११३	६२१
जम्मा	८५०३	७१०३	३३१५	१५६०६

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

माथिको तालिका ४.८ अनुसार लाई हेर्दा अध्ययन क्षेत्रमा पूरुष भन्दा महिलाको जंनसख्या बढी रहेको पाइयो । सबै भन्दा बढी जनसङ्या वाड न.१ मा रहेका पाइयो । जसमा महिला २२८२ र पूरुष १९५२ रहेको पाइयो सबै भन्दा कम जनसंङ्या वाड न.९ मा रहेको पाइयो । जसमा महिला ३०५र पुरुष ३१६ जना रहेको पाइयो । यस्तै गरी सबै भन्दा बढि घर धुरी वाड न.१ मा ९६३ र सबै भन्दा कम घरधुरी वाड न. ९ मा ११३ मात्र घरधुरी रहेको पाइयो ।

४.४.१ जातीय आधारमा नमूना छनोट कृषकको विवरण (Discription of sampled Farmers by Cast)

दुग्ध व्यवसाय मुख्य सबै जाती धर्म, लिङ्ग समुदायको लागी उपयूक्त मानिन्छ । अध्ययनको कममा अध्ययान क्षेत्रमा नमूना छनौटमा परेका नमूना कृषकका जातीय विवरणहरूलाई तालिका ४.९ मा देखाइएको छ ।

तालिका ४.९

जातिय आधारमा दुग्ध व्यवसाय कृषकको विवरण २०७२

क.स.	जात	कृषक संख्या	प्रतिसत
१	ब्रमहण	५५	५५
२	क्षेत्री	२१	२१
३	थारु	१०	१०
४	मगर	१०	१०
५	अन्य	४	४
	जम्मा	१००	१००

स्रोतः स्थलगत सर्वेक्षण, २०७३

तालिकका ४.९ अनुसार नमूना छनौटमा परेको १०० घर घुरी दुग्ध व्यवसाय कृषक मध्ये ५५ अर्थात ५५ प्रतिशत ब्रहमण, २१ अर्थात २१ प्रतिशत क्षेत्री, थारु १० अर्थात १० प्रतिशत मगर, र अन्य जातीहरू ४ अर्थात ४ प्रतिशत संख्या दुग्ध व्यवसायहरू संलग्न रहेको छन ।

४.४.२ लिङ्गको आधारमा नमूना छनोट कृषकको विवरण (Discription of Sampled Farmer by Gender)

अध्ययान क्षेत्रमा नमूना छनोटमा परेको दुग्ध व्यावसाय कृषकको संख्यालाई महिला र पूरुष गरी लिङ्गको आधारमा तालिकामा देखाइएको छ ।

तालिका ४.१०

लिङ्गको आधारमा दुग्ध व्यवसाय कृषकको विवरण २०७२

क.स.	लिङ्ग	कृषक संखया	प्रतिशत
१.	पुरुष	४२	४२
२.	महिला	५८	५८
	जम्मा	१००	१००

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१० अनुसार दुग्ध व्यवसाय गर्ने पुरुष ४२ जना अर्थात ४२ प्रतिशत र दूग्ध व्यवसाय गर्ने महिला ५८ जना अर्थात ५८ प्रतिशत भएको पाईयो ।

४.४.३ वडाको आधारमा दुग्ध व्यवसाय कृषकहरूको विवरण (Ward wise Description of Milks Service Farmers)

नमूना छनौटमा परेका १०० घरघूरी कृषकहरू एउटै वडा न. मा मात्र नभई विभिन्न वडाहरुमा अनुसार कृषक संख्या पनि फरक फरकक संख्यामा रहेको पाईयो नमूना छनौटमा परेका नमूना कृषकको वडा गत विवरणलाई तालिका देखाइएको छ ।

तालिका ४.११

वडागत आधारमा दुग्ध व्यवसाय कृषकहरूको विवरण २०७२

वडा न.	कृषक संख्या	प्रतिसत
१	४	४
२	६	६
३	१५	१५
४	९	९
५	२५	२५
६	८	८
७	७	७
८	१४	१४
९	१२	१२
जम्मा	१००	१००

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.११ अनुसार नमुना छनौटमा परेका नमूना कृषकहरू मध्ये वडा न.१ मा दुग्ध व्यावसाय गर्ने कृषक संख्या ४ जना अर्थाात ४ प्रतिशत, वडा न. २ मा दुग्ध व्यावसाय गर्ने कृषक संख्या ६जना अर्थात ६ प्रतिशत, वडा न.३ मा दुग्ध व्यावसाय कृषक संख्या १५ जना अर्थात १५ प्रतिशत, वडा न.४ मा दुग्ध व्यावसाय गर्ने कृषक संख्या ९जना ९ प्रतिशत, वडा न.५ मा दुग्ध व्यावसाय गर्ने कृषक संख्या २५ जना अर्थात २५ प्रतिशत, वडा न.६ मा दुग्ध व्यावसाय गर्ने कृषक संख्या ८ जना ८ प्रतिशत, वडा न.७ मा दुग्ध व्यावसाय गर्ने कृषक संख्या ७ जना अर्थात ७ प्रतिशत, वडा न. ८ मा दुग्ध व्यवसाय गर्ने कृषक संख्या १४ जना अर्थात १४ प्रतिशत, वडा न.९ मा दुग्ध व्यवसाय गर्ने कृषक संख्या १२ जना अर्थात १२ प्रतिशत रहेको पाइयो ।

४.४.४ धर्मको आधारमा नमुना दुग्ध व्यवसाय कृषकहरुको विवरण (Discription of Milks Occupation Farmes Religion)

अध्ययन क्षेत्रमा नमूना छनोटमा परेका दुग्ध व्यवसायहरु ७५ जना अर्थात ७५ प्रतिसत हिन्दु, १५ जना अर्थात १५ प्रतिसत बौद्ध, ८ जना अर्थात ८ प्रतिशत क्रिश्चयन, २ जना अर्थात २ प्रतिशत अन्य धर्म मान्ने किसानहरु पाइयो ।

४.५ नमूना छनोट किसानको आर्थिक अवश्था (Economic Statud of Milks Farmers)

नमुना छनोटमा परेका किसानहरुको आर्थिक अवस्थालाई निम्न प्रकार उल्लेख गरिएको छ ।

४.५.१ पेशाको आधारमा दुग्ध व्यावसाय किसान विवरण (Description of Milks Farmers by Occupation)

अध्ययन क्षेत्रमा नमूना छनौटमा परेका १०० घरघुरी दुग्ध व्यावसाय संलग्न कृषकहरू कृषि पेशाको अलवा नोकरी, व्यापार र अन्य पेशामा संलग्न रहेको पाइयो पेशाका आधारमा दुग्ध व्यवसायहरूको विवरणलाई तालिका ४.१२ मा देखाइएको छ ।

तालिक ४.१२

पेशाका आधारमा दुग्ध व्यवसायीको विवरण २०७२

क.स.	पेशाका विवरण	कृषक संख्य	प्रतिशत
१.	दुग्ध व्यवसाय	४०	४०
२.	नोकरी र कृषि	२०	२०
३.	नोकरी	१५	१५
४	व्यापार	१५	१५
५	बैदेशिक रोजगार	१०	१०
	जम्मा	१००	१००

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१२ अनुसार नमुना छनौटमा परेका नमुना किसान मध्ये ४० जना अर्थात४० प्रतिशत किसानको पेशा दुग्ध व्यवसाय, नोकरी र कृषि २० जना अर्थात २० प्रतिशत, नोकरी १५ जना अर्थात १५ प्रतिसत, व्यापार १५ जना अर्थात १५ प्रतिसत,बैदेशिक रोजगार १०जना अर्थात १० प्रतिशत रहेको पाइयो ।

४.५.२ नमुना दुग्ध व्यवसाय कृषकले पालेको पशुका जातहरु (Animal Species of Milks Farmers)

दुग्ध व्यवसायमा संलगन किसानहरुले विभिन्न जातका पशुहरु पाल्ने गरेका छन । यस क्षेत्रका दुग्ध व्यवसायी किसानहरुले पालेका पशुहरको विवरण तलको तालिकामा दिएको छ ।

तालिका ४.१३

किसानले पाल्लेका पशुहरूका जातका विवरणहरू २०७२

क.स.	गाई र भैंसीका जातहरु	संख्या	प्रतिशत
१	तराई गाई	२०	२०
२	अक्षामीगाई	४५	४५
३	जर्सी गाई	६५	६५
४	गददी भैंसी	२५	२५
५	पारकाटे भैंसी	३०	३०
६	काठे भैंसी	२०	२०
७	मुर्रा भैंसी	६०	६०
	जम्म	२६५	२६५

स्रोतः स्थलगत सर्वेक्षण ,२०७३

तालिका ४. १३ अनुसार नमूना छनोट किसानहरुले पालेका विभिन्न किसिमको जातका गाई र भैसीहरु पालेको पाइयो ।यसै तराई गाईको संख्या २० अर्थात २० प्रतिशत, आक्षमी गाईको संख्या ४५ अर्थात ४५ प्रतिशत जर्सी गाईको संख्या ६५ अर्थात ६५ प्रतिशत, गददी भैंसी २५ अर्थात २५ प्रतिशत, पारकाटे भैंसीको संख्या ३० अर्थात ३० प्रतिशत, काठे भैंसीको संख्या ३० अर्थात ३० प्रतिशत, काठे भैंसी संख्या २० अर्थात २० प्रतिशत, मुर्रा

भैंसीको जनसंख्या ६० अर्थात ६० प्रतिसत रहेको पाइयो । गाईको जातहरुमा सबै भन्दा बढि जर्सी गाईको संख्या ६५ अर्थात ६५ प्रतिशत, भैंसीको जातहरु मध्ये सबै भन्दा बढि मुर्रा भैसको संख्या ६०अर्थात ६० प्रतिशत पालेको पाइयो ।

४.५.३ दुग्ध व्यवसायका लागी पूंजीको स्रोतहरू (Sources of Fund for Milk Business)

यस दुग्ध व्यवसाय कृषकका लागी पशुको गुणस्तर सुधारका लागी पशुका लागी आवश्यक काटछाट गर्न, पशु गोठ तथा गोठको सुधार, थप पशु खरीद गर्न, आवश्यक पर्ने पूजीको व्यवस्थापनका लागी यस क्षेत्रका किसानहरूले विभिन्न स्रोतहरू प्रयोग गर्ने गरेको हुन्छन । यस क्षेत्रका किसानहरू दुग्ध व्यवसाय किसानका लागी आवश्यक पुजी व्यवस्थापनका लागी उपयोग गर्न गरेका स्रोतहरू तालिका ४.१४ मा देखाएको छ ।

तालिका ४.१४

दुग्ध व्यवसाय किसानहरूले प्रयोग गरेका पूंजीका स्रोतहरू २०७२

क.स.	कृषक संख्या	रकम रु.मा	वार्षिक व्याजदर प्रतिशत
१.	विभिन्न बैंक	३३००००००.००	१४
२	दुग्ध सहकारी	५६००००००.००	१२
३.	गाँउले पूजी	३४००००००.००	२४
४.	कृषक संचित पुँजी	५५००००००.००	८
५	अन्य	२१००००००.००	१०
	जम्मा	१९९००००००.००	

स्रोत: स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१४ अनुसार नमूना छनोट परेका किसानहरुले दुग्ध व्यवसायका लागी विभिन्न स्रोतहरू वाट ऋण लिने गरेको पाइन्छ । यस अध्ययानमा नमूनाका रूपमा लिएका कृषक मध्ये विभिन्न बैंक बाट ऋण ३३००००००.०० बार्षिक १५ प्रतिसतको व्याजदरमा लिएको पाइये। दुग्ध सहकारी वाट ५६००००००.०० रकम वार्षिक व्याजदर १२ प्रतिसतले लिएको

पाइयो । गाँउले पुजी पति बाट ३४००००० .०० बार्षिक २४ प्रतिसतको दरले लिएको पाइयो । कृषकको संचित पुँजी बाट ५५००००० .०० बार्षिक व्याजदर ८ प्रतिशत र अन्य बाट रु २१००००० .०० बार्षिक व्याजदर १० प्रतिसतका दरले ऋण लिएको पाइयो ।

४.५.४ नमूना कृषकहरूको प्रेरणको स्रोतहरू (Motivation Sources of Sample of Farmers)

कुनै पनि काम प्रति उत्सुक्ता जगाउनु नै प्रेरणा हो कुनै कार्य तथा व्यवसाय सुरु गर्नका लागी प्रेरणाको आवश्यकता पर्छ नमूना छनौटमा परेका विभिन्न स्रोतहरूलाई आफनो प्रेरणाको स्रोत मानि दुग्ध व्यवसाय संचालन गरेको पाइयो नमूना कृषकहरूको प्रेरणको स्रोतहरूलाई तलका तालिकामा देखाइएको छ ।

तालिका ४.१५

नमूना कृषकहरूका प्रेरणाको स्रोतहरू २०७२

क.स.	विवरण	कृषक संख्या
१.	पशुपालन प्राविधि	७०
२.	इष्टमित्र	१०
३.	छिमेकी	२०
	जम्मा	१००

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१५ अनुसार नमूना छनौटमा परेका नमूना कृषकहरू मध्ये ७० जना अर्थात ७० प्रतिशत कृषक संख्याले पशुपालन प्रविधि वाट र १० जना अर्थात १० प्रतिशतले इष्टमित्र बाट, र २० जना अर्थात २० प्रतिशतले छिमेकीको प्रेरणा बाट दुग्ध व्यवसाय गर्ने प्रेरणा पाएको पाइयो ।

४.५.५ नमूना दूग्ध व्यवसायीहरूको तालिमको व्यवस्थाहरू (Training Status of Sample Farmers)

कुनै पनि व्यक्ति भित्र रहेको अन्तर निहित ज्ञानलाई सीपमा परिर्वतन गरी व्यक्तिको धारणामा परिर्वतन ल्याउनु लाई तालिम भनिन्छ । बस्तुको उत्पादन छिटो छरीतो गर्नका लागी तालिमको आवश्यकता पर्छ अतः अध्ययान क्षेत्रमा नमूना दूग्ध व्यवसाय कृषकहरू मध्ये कति जना तालिम प्राप्त छन र कति जना तालिम अप्राप्त छन भन्ने कुरालाई तालिकामा देखाइएको छ ।

तालिाक ४.१६

नमूना कृषकको तालिमको अवधी २०७२

क.स.	तालिमकोअवधी दिनमा	कृषक संख्या	प्रतिसत
१.	तालिम नलिने संख्या	१०	१०
२.	५ दिन सम्म	१८	१८
३.	१० दिन सम्म	२६	२६
४.	१५ दिन सम्म	४०	४०
५.	२० दिन सम्म	६	६
	जम्मा	१००	१००

स्रोत : स्थलगत सर्वेक्षण, २०७३

तालिका ४.१६ मा नमूना कृषकको तालिमका अवधी लाई देखाइएको छ । जहा तालिम नलिने कृषकको संख्या १० अर्थात १० प्रतिसत, ५ दिन सम्म मात्र तालिम लिने नमूना कृषक संख्या १८ जना अर्थात १८ प्रतिशत, १० दिन सम्म मात्र तालिम लिने कृषक संख्या २६ जना अर्थात २६ प्रतिशत, १५ दिन सम्म मात्र तालिम कृषक संख्या ४० जना अर्थात ४० प्रतिशत, २० दिन सम्म मात्र तालिम गर्ने कृषक संख्या ६ जना अर्थात ६ प्रतिशत रहेको पाइयो ।

४.५.६ नमुना छनोट किसानको बार्षिक आम्दानी (Annual Income of Sample Farmer)

नमूना छनोटमा परेका सदस्यहरुले कृषि,व्यापार नोकर, बैदेशिक रोजगार र अन्य विभिन्न स्रोत बाट आम्दानी गरेको पाइयो । यस प्रकार दुग्ध कृषकहरुले सहकारी बाट प्राप्त ऋण, दुग्ध व्यवसाय बाट आय प्राप्त आएको संयुक्त रकमलाई लगानी गरेका थिए । त्यसैले यहाँ सहकारी बाट लिइएको ऋणको मात्र नभई सम्पुर्ण लगानीबााट आयलाई सयूक्त रुपमा देखाइएको छ । सदस्यहरुले सर्वेक्षण गर्दाको समयमा प्राप्त गरेको आम्दानी लाई छुटाछुटै रुपमा तलिकामा देखाइएको छ ।

तालिका ४. १७

सदस्यहरुको स्रोतको आधारमा बार्षिक आम्दानी २०७२

क.म	विवरण	कुल आम्दानी रु.मा	प्रतिशत	औषतमा आम्दानी	प्रतिसत
१	दुग्ध व्यवसाय	३८०००००.००	३६.५३	८०००००.००	३६.५३
२	कृषि	१६००००००.००	१५.३८	१६०००००.००	१५.३८
३	नोकरी	११००००००.००	१०.५७	११०००००.००	१०.५७
४	बैदेशिरोजगार	२२००००००.००	२१.१५	२२०००००.००	२१.१५
५	व्यापार	१७०००००.००	१६.३४	१७०००००.००	१६.३४
	जम्मा	१०४००००००.००	१००	१०४००००००..००	१००
औषत बार्षिक आम्दानी १०४०००००.००					

माथिको तालिका ४.१७ अनुसार नमूना छनोटमा परेका दुग्ध सहकारीमा संलग्न सदस्यहरुले विभिन्न स्रोत बाट आपनो बार्षिक आम्दानी गरेको पाइयो । जसमा दुग्ध व्यवसाय बाट रु.३८००००० कृषि बाट, रु १६००००० नोकरी बाट,रु.११००००० बैदेशिक रोजगार बाट, रु.२२००००० र व्यापार आदि बाट रु. १७००००० गरी जम्मा बार्षिक आम्दानी रु.१०४०००००० रहेको पाइयो । तालिका अनुसार सबै भन्दा बढी दूग्ध व्यवसाय बाट ३६.३८ प्रतिसत र सबै भन्दा कम नोकरी १०.५७ प्रतिशत आम्दानी गरेको पाइयो । औषत

प्रति सदस्य बार्षिक आम्दानी रु.१०४०००००० रहेको पाइयो कुल आम्दानी मध्ये कृषि बाट प्रतिसत, दुग्ध व्यवसाय बाट ३६.३८ प्रतिशत, नोकरी बाट १०.५७ प्रतिसत बैदेशिक रोजगार बाट २१.१५प्रतिशत, र व्यापार बाट १६.३४प्रतिसत आम्दानी रहेको पाइयो । औषत प्रति सदस्य बार्षिक आम्दानी १०४००००० रहेको पाइयो ।

४.५.७ तहगत बार्षिक आम्दानी (Levelwise Annual Income)

नमूना छनौटमा परेका दुग्ध व्यवसायमा संलगन कृषकहरुको आम्दानी विवरणको स्थिति सम्बन्धमा प्रश्नावलीको माध्यम द्धारा अध्ययन गरिएको थियो । जसलाई तलको तालिकामा स्पष्ट पारिएको छ ।

तालिका ४.१८

तहगत बार्षिक आम्दानी २०७२

